'संघीयताविना जनताको अधिकार सुनिश्चित हुँदैन' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे


Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक ९४ • २०८१ साल भाद्र ०५ गते बुधवार (21 August, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## शुक्ला 'कुल' हुँदा लोसपा फुटबाट जोगियो



**टुडे समाचारदाता**

जनकपुरधाम । शरतसिंह भण्डारीलाई मन्त्री बनाएपछि फुटको संघारमा पुगेको लोकतान्त्रिक समाजवादी पार्टी नेपालले बल्ल जोगिएको छ।

लोसपा नेपालका वरिष्ठ सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्ला 'कुल' भएपछि फुटको संघारमा पुगेको लोसपा नेपाल जोगिएको छ।

गत ३० असारमा वरिष्ठ नेता भण्डारीलाई मन्त्री बनाएपछि वरिष्ठ सहअध्यक्ष शुक्ला समूहले विद्रोह गर्ने धम्की नै दिएको थियो।

अध्यक्ष महन्थ ठाकुरले वरिष्ठ सहअध्यक्ष शुक्लाको घरमै पुगेर लामो कुराकानी गरेपछि विवाद साम्य भएको छ।

भण्डारीलाई मन्त्री बनाएपछि आफूलाई मन्त्री बनाउने वचन दिए पनि पूरा नभएको भन्दै शुक्लाले आफ्नो असन्तुष्ट जनाउँदै आएका थिए । मन्त्री बनाउँदा आफूसंग सल्लाह नगरेकोमा शुक्ला आक्रोशित थिए । उनीनिकट महासचिव मुकेश झाले पार्टीबाट अलग हुने सबै प्रक्रिया लगभग पूरा भएको बताउँदै आएका थिए।

आफूले पार्टी विभाजन गर्छु भनेर कहिल्यै नभनेको र पदाधिकारी रुष्ट भएर बोलेको सुनेको शुक्लाले बताए। उनले भने, 'कसको अर्को पार्टी खोल्ने तयारी थियो ? मेरो त तयारी थिएन। मैले सबै ठाउँमा विरोध गर्छु, विद्रोह गर्दिनँ भनेको छु,' शुक्लाले अघि थप्दैं भने, 'दोस्रो दिनमा अधिकारको प्रयोग गरेर विरोध गर्छु भनेको थिएँ । हाम्रा पदाधिकारीहरू रुष्ट भएर बोलेका होलान् । मैले पनि पढेको थिएँ, मेले बोलेको छैन।'

घरमा आएका अध्यक्ष ठाकुरलाई आफूले गलत कामको विरोध गर्ने कुरा राखेको उनले बताए।

### पुल माग्दै सामूहिक आमरण अनसन

# मुख्यमन्त्री कार्यालय अगाडि इन्जिनियरदेखि जनप्रतिनिधिसम्म आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा-सिरहा जोड्ने कमला नदीमा नयाँ पुल निर्माणको माग गर्दै इन्जिनियरदेखि जनप्रतिनिधिसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि आमरण अनसन सुरु गरेका छन् ।

सिरहा नगरपालिकाका इन्जिनियर प्रवीणकुमार यादवको अगुवाइमा सिरहा नगरपालिका र औरही गाउँपालिकाका १० जना जनप्रतिनिधि तथा स्थानीयवासी सामूहिक आमरण अनसन थालेका छन् ।

बाढीले भत्काएको निर्माणाधीन पुलमा अनेकन प्राविधिक त्रुटि रहेको र सो पुलमा मुद्दा पनि चलिरहेको भन्दै मधेश प्रदेश सरकारसंग नयाँ पुल निर्माणको माग्दै सामूहिक आमरण अनसन मंगलबारदेखि थालेका छन् ।

गत असार २७ गते इन्जिनियर यादवको अगुवाइमा मुख्यमन्त्रीलाई ७ दिने अल्टिमेटम दिँदै ज्ञापनपत्र बुझाइएको थियो ।

सो ज्ञापनपत्रप्रति मधेश सरकारले चासो नदिएको भन्दै सामूहिक अनसन गर्नु परेको उनको भनाइ छ । आठौँ दिन बित्नलाग्दा समेत बेवास्ता गरेपछि बाध्य भएर सामूहिक अनसनमा बस्नु परेको इन्जिनियर यादवले बताए ।



उनले प्रदेश सरकारलाई बारम्बार ताकेता गर्दासमेत संघीय सरकारकै मुख ताक्नु पर्ने प्रवृत्ति गलत रहेकाले आफूहरुले प्रदेश सरकारलाई जिम्मेवार बनाउनका लागि समेत विकास निर्माणमा प्रदेश सरकारको अग्रसरताका लागि समेत आफूहरुले आन्दोलन थालेको स्पष्ट पारे ।

त्यस्तै चालु आर्थिक वर्षमा सरकारले पुल निर्माणको काम अगाडि नबढाएसम्म सामूहिक अनसन जारी रहने अनसनकारीहरुको भनाइ छ ।

कमला पुल निर्माणको माग गर्दै रामरिझन यादवलगायतका अनसनकारीको समूह विगत १० वर्षदेखि आन्दोलन गर्दै आएका छन् । विभिन्न ठूला दलका नेताहरूका लागि कमला पुल चुनावी बहस मात्र भएको सामूहिक अनसनमा बसेकाहरुको भनाइ छ ।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्वमन्त्रीहरु नारायणकाजी श्रेष्ठ, रवि लामिछाने, जनमत पार्टीका अध्यक्ष सीके राउतलगायतका नेताहरुले पुलको स्थलगत निरीक्षण गर्दो वितेको असार मसान्तसम्म पुल बन्ने भने पनि अहिलेसम्म बन्न सकेको छैन ।

औरही गाउँपालिका-३ का वडाध्यक्ष जीवछ यादव, सिरहा नगरपालिकाका-४ का वडा अध्यक्ष सम्साद आलम, औरही-४ का वडा अध्यक्ष सुरेन्द्र यादव, सिरहा-६ का वडा अध्यक्ष इन्द्रजित यादव, सिरहा पुस्तकालयका कार्यबाहक अध्यक्ष भोगेन्द्र साह, इन्जिनियर शिवशंकर यादव, शैलेश गोइत, हिन्दु सम्राट सेनाका मनिष कुमार यादव, सिरहा-८ का वडा सदस्य रूपेश कुमार यादव आमरण अनसनमा बसेका छन् ।

## 'आमरण अनसन स्टन्टबाजी हो'



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले अनसनको कुनै औचित्य नरहेको बताएका छन् ।

उनले भने, 'अभियन्ताहरुले प्रदेश सरकारलाई साउन २७ गते एक सूत्रीय माग राख्दै ज्ञापनपत्र बुझाएपछि त्यसको साउन ३० गते मन्त्रिपरिषद्को बैठकद्वारा संघीय सरकारलाई अभियन्ताहरुको मागका बारेमा ध्यानाकर्षण गराइसकेको स्थितिमा सामूहिक आमरण अनसन थाल्नु कुनै औचित्य छैन ।'

मुख्यमन्त्री सिंहले आफूहरुले अभियन्ताहरुको मागको सन्दर्भमा प्रधानमन्त्री एवं भौतिक पूर्वाधार मन्त्रालयलाई समेत जानकारी गराइसकेको अवस्थामा अभियन्ताहरुको आमरण अनसन स्टन्ट मात्रै भएको टिप्पणी गरे । उनले पूरानो पुलमा मुद्दा चलि राखेको र नयाँ पुलका लागि माटो परीक्षणदेखि डिपीआरसम्मको बजेट विनियोजन, तुरुन्तै हुने होइन, यसका विधि र प्रक्रियाहरु हुन्छ, आउने प्रदेशसभामा पनि आफूहरुले यस सम्बन्धमा छलफल गराउने पक्षमा रहेको अवस्थामा आन्दोलन थाल्नु कुनै अर्थ नभएको प्रस्ट्याए ।

उनले अभियन्ताहरुले सात दिनको अल्टिमेटम दिएको संवेदनशीलतालाई ध्यानमा राखेर नै प्रदेश सरकारले प्राविधिक टोली त्यसतर्फ अध्ययनका लागि लैजाने तयारी गरिरहेको अवस्थामा आन्दोलन थाल्नु सान्दर्भिक नरहेको टिप्पणी गरे ।







# कमला सिँचाइ आयोजनाद्वारा २५ हजार हेक्टर क्षेत्रफल सिँचित



जनकपुरधाम। धनुषाको पोर्ताहास्थित कमला सिँचाइ आयोजना मधेश-प्रदेशको धनुषा र सिरहाका किसानका लागि बरदान सावित भएको छ।

उक्त आयोजनाले बर्सेनी कमला नदीमा आउने बाढीपहिरो नियन्त्रणका लागि दुईतर्फी तटबन्ध निर्माण गरेको छ । तटबन्धसँगै कमला नदीमा नहर लगायतका संरचना निर्माण गरेपछि उक्त आयोजना किसानका लागि बरदान सावित भएको हो।

"कमला सिँचाइ व्यवस्थान कार्यालय पोर्ताहा धनुषा अन्तर्गत यो आयोजनाले बाढीबाट हुने क्षतिबाट हामी सुरक्षित भएका छौँ", सिरहाका किसान रामलखन महतोले भन्नुभयो, "यसको निर्माण नभएको भए अहिलेसम्म कमला क्षेत्रका बासिन्दाको उठिबास भइसकेको हुन्थ्यो, अहिले खेती पनि राम्रो भइरहेको छ।"

आयोजना कार्यालय प्रमुख वीरेन्द्र यादवका अनुसार कमला सिँचाइ आयोजनाबाट धनुषा र सिरहाका २५ हजार हेक्टर कृषियोग्य जमिनमा सतह सिँचाइ (नहरमार्फत) सुविधा पुगेको छ। त्यसबाट ४० हजार घरपरिवार लाभान्वित भएका छन्। सो कार्यालयले आयोजनाको पश्चिमी नहर प्रणालीमार्फत धनुषाको १२ हजार पाँच सय हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको छ । धनुषाको छ नगरपालिका र दुई गाउँपालिका गणेशमान चारनाथ, सबैला, सहिद, विदेह, कमला, हँसपुर नगरपालिका र औरही तथा जनकनन्दनी गाउँपालिकामा सिँचाइ सुविधा पु-याएको छ।

सो आयोजनामार्फत सिरहाको १२ हजार पाँच सय हेक्टर जमिनमा सिँचाई सुविध पुगेको छ । पाँच नगरपालिका कर्जन्हा, मिर्चैया, कल्यानपुर, सिरहा, सुखिपुर नगरपालिका र दुई गाउँपालिका विष्णुपुर तथा औरही गाउँपालिकामा सिँचाइ सुविधा पु-याएको छ।

कमला पश्चिमी नहर प्रणालीको क्षमता १४ क्युसेक तथा लम्वाई १४ दशमलव ३ किलोमिटर रहेको छ । त्यसका चारवटा शाखा नहर छन्। कमला पूर्वी नहर प्रणालीको क्षमता १४ क्युसेक तथा लम्वाइ ३१ दशमलव ६ किमी रहेको छ। जसअन्तर्गत आठवटा शाखा छन् । सो कार्यालयले गत आर्थिक वर्ष २०८०/८१ मा कमला सिँचाइ प्रणालीमा मर्मत सम्भार आयोजना तथा बृहत सरकारी सिँचाइ योजनाको पुनःस्थापना तथा व्यवस्थापन हस्तान्तरण गरी दुई कार्यक्रम सञ्चालन गरेको छ।

यसै कार्यक्रम अन्तर्गत कमला सिँचाइ प्रणलीको 'हेडवर्क्स', पूर्वी तथा पश्चिमी नहर प्रणालीको मर्मत सम्भार तथा संरचना निर्माण गरेको जनाइएको छ। सोही आवमा आयोजना कार्यालयबाट कमला नदीको बाँध, 'हेडवर्क्स'को मर्मतसम्भार पूर्वी तथा पश्चिमी नहरको 'अन्डरस्लुस' तथा 'वेयर'को चारमध्ये दुईवटा 'वेयरपोर्सन'को मर्मतसम्भार गरेको छ।

त्यसैगरी कमला 'हेडवर्क्स'को पूर्वी तथा पश्चिमी बाँधलाई बाढीबाट भएको कटानको पश्चिमी तर्फ 'स्लोप रिभेटमेन्ट' एक सय ३३ मिटर तथा 'टोईवाल' एक सय ३९ मिटर र पूर्वीतर्फ 'लन्चिङ' तथा 'ग्याविन वाल' एक सय ७५ मिटर, 'टोईवाल' ५४ मिटर तथा 'स्पर' एउटा र 'स्टड' आठ निर्माण गरी मर्मतसम्भार गरिएको प्रमुख यादवले जानकारी दिनुभयो।

कमला सिँचाइको पूर्वी तथा पश्चिमी नहर प्रणाली अन्तर्गत एक हजार १० मिटर नहर 'लाइनिङ', तीन दशमवलव १५ किमी 'सभिर्सरोड' मर्मत, तीनवटा 'भीआरबी', तीनवटा 'बोक्स कल्भर्ट', चारवटा 'रोड क्रसिङ', तीनवटा 'डिभिजन बोक्स', आठवटा 'ड्रोपस्ट्रक्चर', एक सय ८९ मिटर 'रिटेनिङ वाल', एक सय ९० मी संरचना बचावट (खाली बोरामा माटो)भर्ने काम, एक सय ८० मिटर, नहर संरक्षण, एक गेट जडान सहित मर्मत गरेको छ।

नेपालका ठूला मध्ये कमला सिँचाइ आयोजना पनि एक हो । विसं २०१७ कात्तिक २६ गते तत्कालीन सिँचाइ मन्त्री गणेशमान सिहंले शिलान्यास गर्नुभएको सो आयोजनाले विसं २०४० बाट सिँचाइ सुविधा पु-याउन थालेको थियो।

सिँचाई सुविधा पुगेको दुई जिल्लाको औसत उत्पादकत्व तीन दशमलव २१ मेट्रिकटन प्रति हेक्टर धानबाली रहेकामा गत आर्थिक वर्षमा सिँचाइ आयोजनाको थप व्यवस्थापन पछि चार दशमलव १३ मेट्रिकटन धानबाली उत्पादन वृद्धि भएको आयोजना कार्यालयले जनाएको छ। सिँचाइबाट अहिले वर्षमा दुई/तीन बालीसम्म कृषि उपज उत्पादन भइरहेको छ । सो कार्यालयले आव २०८०/८१ मा जल उपभोक्ता समितिका पदाधिकारी तथा समिति समेत चयन गरेको छ।रासस

# चर्को विरोधपछि ठेक्का लगाउने नगरपालिकाको निर्णय



टुडे समाचारदाता

राजविराज। दुई पटक शिलबन्दी टेन्डर आह्वान गरेर लगाउन खोजिएको राजविराज हटिया-गुद्रिको ठेक्का मंगलबार भएको उग्र बिरोधपछि रद्द गर्दै खुल्ला डाक बढाबढबाट ठेक्का लगाइने भएको छ।

राजविराज नगरपालिकाका निलम्बित मेयर भिमराज यादवको नेतृत्वमा मंगलबार चर्को नाराबाजी गर्दै नगरपालिका कार्यालय पुगेको एक समूहले विगत भन्दा कम दरमा तथा आफन्तलाई ठेक्का दिन खोजेको भन्दै चर्को बिरोध जनाएपछि कार्यवाहक नगरप्रमुख इसरत परविन, प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ, योजना शाखाका अधिकृत मनोज यादवलगायतको सहमतिमा डाक बढाबढ प्रक्रियाबाट ठेक्का लगाउने निर्णय भएको छ।

खुल्ला रुपमा डाक बढाबढ प्रक्रिया बुधबार गरिने तयारी भएको र यस बारे विभिन्न प्रचार माध्यमबाट सबैमा जानकारी पुऱ्याउने प्रमुख प्रशासकीय अधिकृत गुरुङले जानकारी दिए।

सो ठेक्काका लागि यसअघि नगरपालिकाले दुई पटक शिलबन्दी टेन्डर आह्वान गरेको थियो।

गत आर्थिक वर्ष ०८०/०८१ मा ६७ लाखमा लागेको सो ठेक्का यस पल्ट कम दर रेटमा आफन्तलाई दिन खोजिएको र यसबाट नगरपालिकालाई आर्थिक रुपमा घाटा हुने भन्दै हाल निलम्बित अवस्थामा रहेको मेयर यादवसहितको टोलीले नगरपालिकाका जिम्मेवार जनप्रतिनिधि तथा अधिकारी समक्ष आक्रोसित हुँदै विरोध जनाएपछि नगरपालिकाले पुरानो निर्णय सच्याउँदै खुल्ला डाक बढाबढबाट ठेक्का लगाउने निर्णय गरेको बताइएको छ।

# विवाहमा डोली चढ्ने चलन हराउँदै



काठमाण्डु । शुक्लाफाँटा नगरपालिका-३ का ६० वर्षीय गहनु चौधरीसँग आफ्नो विवाहमा चँडोल (डोली) चढेको सम्झना अझै ताजा छ। विवाहका बेला चँडोल चढ्दाको अनुभव सुनाउँदै उहाँले त्यो चलन अब विगत भयो, आजकल देख्न पाइँदैन भन्नुभयो।

डम्फुको तालसँग नाच्दै गरेका जन्तीसँगै चँडोलमा चढेर दुलही अन्माउँदाको सम्झना निकै रमाइलो रहेको उहाँले सुनाउनुभयो। विगतमा थोरै खर्चमा परम्परागत विधि विधानअनुसार चँडोल, डोली चढेर हुने विवाह हराउँदै गएकोमा गहनुले चिन्ता व्यक्त गर्नुभयो।थारु समुदायको विवाहमा दुलहालाई बोक्न चँडोल र दुलही बोक्नका लागि डोलीको प्रयोग परम्परागत कालदेखि हुँदै आएको छ। हाल डोली र चँडोल चढ्ने चलन आधुनिकताको प्रवेशसँगै हराउँदै गएको गहनु बताउनुहुन्छ।

बाह्य संस्कृतिको प्रभावका कारण चँडोल, डोलीको सट्टा दुलहादुलही बोक्नका लागि आधुनिक यातायातका साधन ट्र्याक्टर, बस र जीपको प्रयोग हुन थालेपछि विवाहमा डोली हराउँदै गएको उहाँको भनाइ छ। "विवाहमा थारु समुदायले दुलहालाई चँडोलमा, दुलहीलाई डोलीमा बोक्ने कार्यसँगै जन्तीलाई बोक्नका लागि गोरु गाडाको प्रयोग हुने गरेको थियो", थारु अगुवा विश्राम चौधरीले भन्नुभयो, "हाल यातायातका साधनको सहज उपलब्धताले गर्दा थारु समुदायको पहिचान बोकेको डोली लोपोन्मुख अवस्थामा पुगेको छ।"

थारु समुदायले विवाहमा दुलही बोक्नका लागि बनाउने डोलीमा रङ्गीचङ्गी कपडाको मोहोरी, खिल्वार, छौना, मचिया, पर्गेहनी, लाखक चुनरीया, वहन्वार, घारा, लोटा, घण्टी, पघा र स्याँठाको प्रयोग हुने गरेको उहाँले बताउनुभयो। "डोली दुलही पक्षका व्यक्तिले निर्माण गर्नुपर्ने चलन थारु समुदायमा रहेको छ", विश्रामले भन्नुभयो, "दुलहा पक्षबाट दिएको वहन्वार खिलवारको डोलीमा प्रयोग गर्नुपर्छ।"यसरी बनाइएको डोली बोक्नका लागि दुई जना व्यक्तिको आवश्यकता पर्ने उहाँको भनाइ छ। उहाँका अनुसार थारु समुदायका व्यक्तिले दुलहीको घरमा जन्ती लगेर जाँदा भने विशेष प्रकारले बनाएको चँडोलको प्रयोग गर्ने कार्य गर्दै आएका छन्।

दुलहाको इज्जत र पहिचान बेग्लै बनाउनका लागि चँडोलको महत्त्वपूर्ण भूमिका रहने गर्दछ। चँडोल बनाउनका लागि छाजन, वहन्वार, घण्टी, घारा, स्वाँठा, खटिया, पर्नेहनी र पनही आवश्यक पर्छ।"चँडोलमा दुलहालाई सवार गराएर चार जनाले बोक्ने गरी बनाइएको हुन्छ", फुलराम चौधरीले भन्नुभयो, "हाल गरिने विवाह समारोहमा यसरी दुलहा र दुलहीलाई डोली र चँडोलमा राखेर लैजाने कार्य वीरलै देख्न पाइने गरिएको छ।"

डोली, चँडोलले थारु समुदायको संस्कृति पहिचान झल्काउने भएकाले यसलाई बचाउनका लागि थारु युवा अग्रसर हुनुपर्ने थारु समाजसेवी जगरनाथ चौधरी बताउनुहुन्छ। "केहीले अहिले पनि परम्परागत संस्कृति जगेर्ना गर्नका लागि घरको केही टाढासम्म दुलहा र दुलहीलाई चँडोल र डोली चढाउने गर्दछन्", उहाँले भन्नुभयो, "घरभन्दा केही पर पुगेपछि आधुनिक सवारीकासाधन प्रयोगमा ल्याउने गरेका छन्, पहिला दुलहा र दुलहीको घरसम्म नै डोली चढ्ने चलन थियो।"रासस

# जोखिमपूर्ण विद्युतीय पोल



टुडे समाचारदाता

मलंगवा । सर्लाहीको ग्रामीण तथा सहरी क्षेत्रमा रहेका विद्युतीय पोलहरु जीर्ण बन्दा जोखिम बढ्दै गएको छ । जसले गर्दा किसान, यात्रुदेखि विद्यार्थीसम्म विद्युतीय पोलहरुको जोखिम मोलेर पनि आ-आफ्ना कामहरु बाध्यतावश पनि गरिरहेका छन् । ट्रान्सफर्मरबाट उपभोक्ताको घरसम्म पुग्ने ३३ केभीए र ११ केभीए लाइनका पोलहरु जीर्ण भएर तारहरू लत्रिएका छन्।

महावीर जनता माविको छेउमै रहेको लालबन्दी वितरण केन्द्रको हरिपुर फिडरबाट वितरित विद्युत् पोल जीर्ण भएर ढल्नै लागेको छ। ईश्वरपुरको फुलजोर खोला छेउको ३३ केभीएको पोल पनि जीर्ण भएर ढल्ने अवस्थामा छ।

त्यस्तै गैरबाट पिपरिया जाने सडकमा पर्ने ११ केभीएको अर्को पोल बाँगिदा तारहरु लत्रिएका छन् । कविलासी नगरपालिका-७ स्थित गैर बजारको छेउबाट सदरमुकाम मलंगवाका लागि गएको ३३ केभीएको पोल पनि ढल्नै लागेको छ । सडक वारपार गरेको मलंगवाको पोल जीर्ण बन्दा यहाँका बासिन्दामा जोखिम परेको छ।

विभिन्न स्थानमा रहेका जीर्ण विद्युत पोलहरुका बारेमा नेपाल विद्युत् प्राधिकरण वितरण शाखालाई पटक-पटक जानकारी गराउँदा पनि नयाँ फेर्न पहल नगरेको गुनासो स्थानीयले गरेका छन्।

कविलासी नगरपालिका-१ का वडाध्यक्ष दीपलाल रायले प्राधिकरणको बेवास्ताका कारण नागरिकको ज्यान धरापमा परेको बताए । उनले भने, 'पोल बाँगिएर धराप बनेको बारेमा नेपाल विद्युत् प्राधिकरणलाई जानकारी गराए पनि बेवास्ता गर्दै आइरहेको छ।' नागरिक अगुवा रजनीकान्त झाले पोल भाँच्चिएपछि मात्र सम्बन्धित निकायको ध्यान पुग्ने गरेको बताए। उनले भने, 'फरहदवामा पोल ढल्दा एक साताभन्दा बढी हजारौं उपभोक्ताले उकुसमुकुस गर्मीमा समस्या खेप्नु परेको थियो,' उनले अघि थप्दैं भने, 'अहिले बेला-बेलामा तारहरु एकआपसमा सर्ट भई विद्युत् आपूर्ति ठप्प हुने गरेको छ।'

लालबन्दी वितरण केन्द्रका प्रमुख त्रिभुवन यादवले जीर्ण पोलहरु हटाएर नयाँ गाड्न टेन्डर आह्वान गरिसकेको बताए।

# वीरगञ्ज भन्सारद्वारा साउनमा १२ अर्ब १६ करोड राजस्व सङ्कलन

वीरगञ्ज । प्रमुख भन्सार नाका मानिने वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो महिना साउनमा रु १२ अर्ब १६ करोड ३२ लाख ५८ हजार राजस्व सङ्कलन गरेको छ।

साउनमा १६ अर्ब ८६ करोड ८७ लाख ४० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो तर कार्यालयले लक्ष्यको ७२ दशमलव ११ प्रतिशत सङ्कलन गरेको हो।

भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले चालु आर्थिक वर्षको पहिलो महिनामा राजस्व सङ्कलन उत्साहप्रद रहेको बताउनुभयो। "साउन खासै धेरै वैदेशिक व्यापार हुने महिना होइन्," उहाँले भन्नुभयो, "पहिलो महिनामै १२ अर्बभन्दा धेरै राजस्व सङ्कलन हुनलाई उत्साहजनक मान्नुपर्छ।"भन्सार विभागले गत आवको साउनमा वीरगन्ज भन्सार कार्यालयलाई रु १५ अर्ब ६२ करोड ३७ लाख ७२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। सोही आवमा लक्ष्यको ७५ दशमलव ९६ प्रतिशत अर्थात् ११ अर्ब ८६ करोड ८४ लाख ४७ हजार राजस्व सङ्कलन गरेको थियो।

चालु आवको पहिलो महिनामा वीरगञ्ज भन्सार हुँदै रु ४६ अर्ब ५९ करोड २६ लाख ९६ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएका छन्। रासस

# बाढी, पहिरोलगायतका विपद्मा परी हालसम्म १९० को मृत्यु

काठमाण्डु। अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी सोमबार दिउँसोसम्म एक सय ९० जनाको मृत्यु भएको छ।

विपद्मा परी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ गरी एक सय ९० जनाको मृत्यु भएको नेपाल प्रहीले जानकारी दिएको छ। मंगलबार नेपाल प्रहरीले जारी गरेको तथ्याङ्कअनुसार काठमाडौँ उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २३, गण्डकी प्रदेशमा ४५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी दुई सय ३८ जना घाइते भएका छन्।

साथै काठमाडौँ उपत्यकामा २८, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, लुम्बिनी प्रदेशमा चार, कर्णाली प्रदेशमा दुई र सुदूरपश्चिम प्रदेशमा पाँच गरी एक सय १४ जनाको उद्दार गरिएको छ। बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना बेपत्ता भएका छन्।

बाढीको कारण जम्मा तीन सय ८४ घर डुबानमा परेका छन् भने तीन सय २७ वटा घर, एक सय १२ वटा गोठ, ५१ वटा पुल, चार वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । साथैगरी विपद्मा परी आठ सय ५२ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट चार हजार आठ सय १९ घर परिवार विस्थापित भएका छन्।रासस


## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला रौतहट यमुनामाई गा.पा. वडा नं. ५, बमनहर चोक देखि पूर्वपट्टी Parking गरिराखेको अवस्थाबाट मिति २०८१/०४/३२ गते करिब राती ९:०५ बजे मधेश प्रदेश ०३-०३१ प ९१९६ नम्बरको Sparkle Met Black Blue रंगको ईन्जिन नं. DKXCNM37517 चेचिस नम्बर MD2A13EX9NCM83285 को बजाज कम्पनीको पल्सर 220cc F ABS रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**सवारी धनीको नाम:**
**हिम इलेक्ट्रोनिक्स प्रा.लि.**
**प्रयोगकर्ता : सरोज कुमार साह**
**ठेगाना: यमुनामाई गा.पा.-५, रौतहट**
**मो. नं. ९८५१२७६२८३**



## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथुन | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भारतका प्रसिद्ध शिक्षक खान सर ले रक्षाबन्धनको अवसरमा विश्व रेकर्ड बनाएका छन्। सोमबार उनलाई १० हजारभन्दा बढीले रक्षाबन्धन बाँधेका थिए। *तस्वीर : समाजिक संजाल*

# पर्सामा दुई हजार दुई सय ९१ क्युफिट काठ बरामद



वीरगञ्ज । डिभिजन वन कार्यालय पर्साले अवैध रुपमा काठको चोरी तथा तस्करी गर्नेबाट दुई हजार २९१ क्युफिट काठ बरामद गरेको छ । कार्यालयले आर्थिक वर्ष २०७९/८० देखि २०८०/८१ सम्मको दुई वर्षको अवधिमा सो परिमाणको काठ बरामद गरेको हो ।

डिभिजन वन कार्यालय पर्साका प्रमुख सुनिलकुमार कर्णले दुई आवमा अवैध रुपमा काठको चोरी तथा तस्करी गर्नेबाट दुई हजार २९१ क्युफिट काठ बरामद गरेको जानकारी दिनुभयो ।‘‘दुई आवमा वनपैदावार तथा वन्यजन्तु चोरी सिकारी गर्ने कार्यमा संलग्न भएका दुई सय २६ जनालाई पक्राउ गरेर मुद्दा अगाडि बढाएका छौं,’’ उहाँले भन्नुभयो । कार्यालयले अवैध ढङ्गले दाउरा चोरी तस्करी गर्नेबाट पाँच सय क्यूफिट बराबरको दाउरा पनि बरामद गरेको छ ।


डिभिजन वन कार्यालय पर्साले काठ दाउरा तस्करी गर्नेबाट १५ थान मोटरसाइकल पनि बरामद छ । कार्यालयले एक सय ४३ थान साइकल, ६ थान ट्याक्टर, ६ थान टायरगाडा, ४२ थान बन्चरो, २० थान काठ काट्ने आरा पनि बरामद गरेको छ । डिभिजन वन कार्यालयले आव २०७९/८० मा एक सय २६ वटा वन मुद्दा दायर गरेको थियो । जसमा १२० थान वनपैदावारसँग सम्बन्धित रहेका थिए । त्यस्तै ६ वटा मुद्दा भने वन्युजन्तु चोरी सिकारीसँग सम्बन्धित रहेको थियो ।

आव २०८०/८१ मा भने कार्यालयले ४२ वटा वन पैदावारसँग सम्बन्धित मुद्दा दायर रहेको छ । कार्यालय प्रमुख कर्णले चालु आवमा वनपैदावारसँग सम्बन्धित मुद्दालाई प्राथमिकतामा राखेर फर्स्यौट गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, ‘‘वनपैदावरसँग सम्बन्धित मुद्दाको आवश्यक कागजात सङ्कलन गर्ने प्रक्रिया अघि बढेको छ । त्यसैले अब वन पैदावारसँग सम्बन्धित मुद्दा मुद्दा फर्स्यौटले गति लिनेछ ।’’रासस

# कांग्रेस र एमालेबीचको सहमति अरु दलविरुद्ध होइनः सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दुई ठूला दलबीच भएको सहमति अरु दलविरुद्ध नभई देशलाई अघि बढाउन भएको बताउनुभएको छ ।

कांग्रेस नेता एवं समाजवादी चिन्तक प्रदीप गिरीको दोस्रो स्मृति दिवसका अवसरमा स्कुल अफ डेमोक्रेसीले मंगलबार आयोजना गरेको ‘राजनीतिमा निष्ठा र नैतिकता’ विषयक विमर्श कार्यक्रमलाई



सम्बोधन गर्नुहुँदै उहाँले बहुलवादका आधारमा लोकतान्त्रिक समाजवाद उन्मुख संविधान बनेकाले त्यसलाई सफल बनाउन पनि दुई ठूला दलबीच सहमति भएको बताउनुभयो । स्वर्गीय गिरीको भावनालाई सम्मान गर्न पनि संविधान संशोधन गरिनुपर्नेमा उहाँको जोड थियो ।

संविधान कार्यान्वयनका क्रममा आएका समस्या समाधान हुने गरी संविधान संशोधन हुनुपर्नेमा पनि सभापति देउवाले जोड दिनुभयो । “देशलाई अघि बढाउने सोच विचार गरिकन दुई दलबीच सहमति भएको हो, यो सहमतिलाई कुनै दल विशेषले आफ्नाविरुद्ध भएको हो भनी बुझ्नु गलत हुनेछ, दुई ठूला दलबीच भएको सहमति लुकाएका छैनौं, यसलाई लिखित रुपमै सार्वजनिक गरेका छौं”, पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले भन्नुभयो ।

पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले २०६३ वैशाख ८ गते प्रदीप गिरीले आफूलाई फोन गरी त्यस दिनको राजा ज्ञानेन्द्रको सम्बोधनलाई मान्यता नदिन सात दलका नेताबीच सहमति जुटाउन पहल गर्न भनेको स्मरण गर्नुभयो ।

गिरीजस्ता नेताको भूमिकाले नै त्यसबेला शीर्ष नेतालाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढ्न सहयोग पुगको उहाँको भनाइ थियो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले कांग्रेसका संस्थापक नेता बिपी कोइरालासँग तर्क गर्ने भएकाले प्रदीप गिरी र दुर्गा सुवेदीलाई प्रवासकालीन राजनीतिक समयमा विद्रोही नेता भन्ने गरिएको स्मरण गर्नुभयो ।

प्रदीप गिरीलाई भावी पुस्ताले पनि लोकतान्त्रिक समाजवादका एक चिन्तकका रुपमा सम्झने उहाँको विचार थियो । वामपन्थका रचना नपढ्ने कांग्रेसका नेता, कार्यकर्ताको संस्कारकाबीच गिरी अपवाद हुनुभएको पनि महासचिव पोखरेलले बताउनुभयो । यसैकारण पनि गिरीसँग आफूहरुले नियमित भेटघाट गर्ने स्मरण पनि उहाँले गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता शक्तिबहादुर बस्नेतले राजनीतिक चिन्तनका कारण गिरी सबै दलबीच लोकप्रिय बन्नुभएको उल्लेख गर्नुभयो । यसैले अहिले सबै दलले गिरीको रिक्तताको अनुभूति गरेको पनि उहाँले बताउनुभयो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता डा सुरेन्द्र झाले जमिन्दार परिवारमा जन्मिएर पनि गिरीको ध्यान धन सम्पत्तिमा नगएको जानकारी दिनुभयो । गिरीकै राजनीतिक छत्रछायाँमा हुर्किएको उल्लेख गर्नुहुँदै उहाँले त्यही ज्ञानबाट अहिले आफू राजनीतिक रुपमा अघि बढिरहेको बताउनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्माले लोकतन्त्रलाई जनताबाट नभई माथिल्लो तहका नेताबाट नै खतरा छ भन्ने गर्नुभएको विषय अहिले सही सावित हुँदै गएको बताउनुभयो । कांग्रेसभित्र दलित, महिला, जनजाति, मधेशीलाई समावेशी रुपमा अघि बढाउनुपर्ने विचार गिरीले नै अघि सार्नुभएको उल्लेख गर्नुहुँदै उहाँले त्यसमा सभापति देउवाले कर्णाली जोडेर कदमजमको अवधारणा अनुसार विसं २०५८ देखि नै काम गर्दै आएको जानकारी गराउनुभयो ।


स्वर्गीय गिरीकी धर्मपत्नी भारती सिलवाल गिरीले राजनीति व्यवसायीकरण भएको भन्ने गर्नुभएको विषय अहिले अझै बढ्दै गएको देखिएको बताउनुभयो।विचाररप्रतीककासेतुका रुपमा रहनुभएका प्रदीपको अभाव नेपाली राजनीतिमा खड्किएको पनि उहाँले सुनाउनुभयो । आयोजक संस्थाका अध्यक्ष एवं कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महरले गिरीले नेपाली राजनीतिमा पुऱ्याउनुभएको योगदानको स्मरणका लागि कार्यक्रम आयोजना गरिएको बताउनुभयो । विसं २००४ असोज २४ गते सिरहामा जन्मनुभएका गिरीको २०७९ भदौ ४ गते निधन भएको थियो ।रासस

# बिजुलीको आलोकमा जगमगाउँदै पाँचसय ३९ पालिका

काठमाण्डु । मुलुकका पाँच सय ३९ स्थानीय तह पूर्ण रुपमा विद्युतीकरण भएका छन् । एक सय ९६ स्थानीय तहमा आंशिक रुपमा बिजुली पुगेको छ । देशभर सात सय ५३ स्थानीय तह (नगरपालिका र गाउँपालिका) छन् ।

हालसम्म राष्ट्रिय प्रसारणको विद्युत् १८ स्थानीय तहमा पुग्न सकेको छैन । राष्ट्रिय प्रसारण ग्रिड नपुगे पनि १८ स्थानीय तहका बासिन्दाले लघुजलविद्युत् र सौर्य ऊर्जाबाट विद्युत् उपभोग गरिरहेको पाइएको छ ।

नेपाल विद्युत् प्राधिकरणले मुलुकभरिका स्थानीय तहका गाउँपालिका र नगरपालिकाका वडासम्मको विस्तृत अध्ययनगरी तयार पारेको विद्युतीकरण तथ्याङ्क २०८१ अनुसार, कूल जनसङ्ख्याको ९९ प्रतिशतमा विद्युत् सेवा पुगेको छ । विद्युत्का ग्राहक सङ्ख्या सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेको छ । विद्युत्को पहुँच पुगेको जनसङ्ख्यामध्ये ९७ प्रतिशत राष्ट्रिय ग्रिडबाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिरबाट बिजुली उपभोग गरिरहेका छन् ।




सात सय ५३ स्थानीय तहमध्ये पाँच सय ९० स्थानीय तहमा ९५ देखि शतप्रतिशतसम्म विद्युतीकरण भएको छभने ७२ स्थानीय तहमा ७५ देखि ९५ प्रतिशतसम्म विद्युतीकरण भएको छ । कूल ३३ प्रतिशत स्थानीय तहमा ५० देखि ७५ प्रतिशतसम्म, २६ स्थानीय तहमा २५ देखि ५० प्रतिशतसम्म र ३२ स्थानीय तहमा २५ प्रतिशतसम्म विद्युतीकरण भएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आर्थिक वर्षभित्रमा सबैका घरमा भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पुऱ्याउने सरकारको घोषणालाई कार्यान्वयन गर्नेतर्फ आफूहरू लागेको बताउनुभएको छ । “आर्थिक वर्ष २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो, अहिले ९९ प्रतिशत पुग्नु यो अवधिमा हासिल भएको महत्वपूर्ण उपलब्धि हो, प्राधिकरण आफैं विद्युत् नपुगेका घर खोज्दै विकट बस्तीबस्ती पुगिरहेको छ”, उहाँले भन्नुभयो, “विद्युत् पुगेका ठाउँमा भरपर्दो र नपुगेका ठाउँमा यथाशीघ्र पुऱ्याउन उच्च प्राथमिकताका साथ काम गरिरहेका छौं । भौगोलिक रुपमा विकट कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाका सबैको घरमा एक वर्षभित्रमा विद्युत् पुऱ्याउनेगरी काम भइरहेको छ ।

”प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) र युरोपेली लगानी बैंक (इआइबी)बाट २२ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा विद्युतीकरणका लागि निर्माण व्यवसायी छनोटगरी काम सुरु गरिसकेको छ । साथै, सरकारको लगानी र प्राधिकरणले आफूले आर्जन गरेको मुनाफाको केही अंश छुट्याएर अन्य क्षेत्रमा विद्युत् पहुँच विस्तारको प्रयत्न भएको कार्यकारी निर्देशक घिसिङले उल्लेख गर्नुभयो ।

सात प्रदेशमध्ये मधेसमा शतप्रतिशत विद्युतीकरण भएको छ । कोशीमा ९९ दशमलव ३० प्रतिशत, बागमतीमा ९९ दशमलव ९७ प्रतिशत, गण्डकी ९९ दशमलव ४० प्रतिशत र लुम्बिनीमा ९८ दशमलव ४९ प्रतिशत विद्युतीकरण गरिएको छ । कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात् ७४ दशमलव ३८ प्रतिशत मात्र विद्युतीकरण छ । सुदूरपश्चिम प्रदेशमा ८६ दशमलव ५८ प्रतिशत विद्युतीकरण गरिएको छ ।कूल ७७ जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय प्रसारण ग्रिड पुग्न सकेको छैन । हुम्लामा लघुजलविद्युत्, सौर्य ऊर्जालगायतका विद्युत् आपूर्ति भइरहेको छ । यस्तै, ७७ जिल्लामध्ये ५६ जिल्लामा ९५ देखि शतप्रतिशत विद्युतीकरण भएको छ । १० जिल्लामा ७५ देखि ९५ प्रतिशतसम्म, पाँच जिल्लामा ५० देखि ७५ प्रतिशतसम्म र छ जिल्लामा २५ देखि ५० प्रतिशतसम्म विद्युतीकरण गरिएको छ ।

कोशीप्रदेशका१४जिल्लामध्ये सोलुखुम्बु र सङ्खुवासभाबाहेक अन्य जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ । सोलुखुम्बुमा ८९ दशमलव शून्य चार र सङ्खुवासभामा ९३ दशमलव ९९ प्रतिशत विद्युतीकरण भएको छ । झापा, मोरङ, सुनसरी र धनकुटामा शतप्रतिशत विद्युतीकरण गरिएको छ । मधेस प्रदेशका आठ जिल्लानै पूर्ण विद्युतीकरण भएका छन् । बागमती प्रदेशका १३ जिल्लामध्ये काठमाडौं, ललितपुर, भक्तपुर, रामेछाप, नुवाकोट र चितवनमा शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा पनि ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ ।

गण्डकी प्रदेशका ११ जिल्लामध्ये मनाङमा ८७ दशमलव ८१ प्रतिशत विद्युतीकरण भएको छ । तनहुँ, स्याङ्जा, पर्वत र कास्कीमा शतप्रतिशत विद्युतीकरण भएको छ भने बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ । लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये रुकुमपूर्वमा सबैभन्दा कम अर्थात ३२ दशमलव २४ प्रतिशत र रोल्पामा ८५ प्रतिशत मात्र विद्युतीकरण भएको छ । नवलपरासी, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी र बर्दियामा शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ ।

कर्णाली प्रदेशको रुकुम पश्चिममा सबैभन्दा बढी अर्थात् ९५ दशमलव शून्य आठ प्रतिशत र मुगुमा सबैभन्दा कम अर्थात् ३१ दशमलव ८० विद्युतीकरण भएको छ । सुर्खेतमा ८६ दशमलव ४८, दैलेखमा ८१ दशमलव शून्य पाँच, सल्यानमा ७९ दशमलव ५०, जाजरकोटमा ४९ दशमलव ८०, कालीकोटमा ७० दशमलव ९६, जुम्लामा ६२ दशमलव ४७, डोल्पामा ४२ दशमलव ७५ र हुम्लामा ३२ दशमलव ५१ प्रतिशत विद्युतीकरण गरिएको छ ।

प्राधिकराण्का अनुसार सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये कञ्चनपुर र कैलालीमा शतप्रतिशत विद्युतीकरण भएको छ । बाजुरामा सबैभन्दा कम ३३ दशमलव ५१ प्रतिशत मात्र विद्युतीकरण भएको छ । डडेल्धुरामा ९४ दशमलव शून्य आठ, डोटीमा ८८ दशमलव शून्य चार, अछाममा ६५ दशमलव ९७, बैतडीमा ६१ दशमलव ७३, बझाङमा ६९ दशमलव शून्य तीन र दार्चुलामा ८४ दशमलव शून्य एक प्रतिशत विद्युतीकरण भएको छ ।रासस

# पहिराका कारण राष्ट्रिय राजमार्गका विभिन्न खण्ड अवरुद्ध

काठमाण्डु । राष्ट्रिय राजमार्गका विभिन्न स्थानमा पहिरो जाँदा सवारीसाधन आवतजावतमा समस्या उत्पन्न भएको छ । सडक विभागले मंगलबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार मुलुकभर पहिराका कारण राष्ट्रिय राजमार्गका सात वटा खण्ड अवरुद्ध भएका छन् भने दुई सय ४४ सडक खण्ड एकतर्फी रुपमा मात्रै सञ्चालनमा छन् ।

मदनभण्डारी राजमार्गको प्यूठानस्थित एनएच जिरो नाइन सडकखण्ड पूर्ण रुपमा अवरुद्ध भएको छ । प्यूठानस्थित गर्जेनीमा भालुवाङ-लिवाङ-रोल्पा-माडीचौर-दारबोट खण्ड पूर्ण रुपमा अवरुद्ध भएको छ । मोरङको चतरा-मुलघाट-माफ्कीटार-अमापु डाँडा-गणेशचोक राजमार्गस्थित चतरा पुलदेखि बराहक्षेत्र जाने सडक खण्ड पनि पूर्ण रुपमा अवरुद्ध हुँदा सवारी साधन आवतजावतमा समस्या परेको छ ।



यसैगरी सुर्खेत तल्लो डुङ्गेश्वर-सातखब्बा-दुल्लु-पिपलकोट-खुलालु-मन्मा-नग्मा-जुम्ला राजमार्गको कालीकोटस्थित गाल्जे खण्ड पनि पूर्ण रुपमा नै अवरुद्ध भएको छ । पुष्पलाल मध्यपहाडी लोकमार्गको पाँचथरस्थित यलम्बर सडकखण्ड पूर्ण अवरुद्ध भएको छ । यसैगरी तानसेन-रिडी-कोरला राजमार्गको गुल्मीस्थित अच्चेश्वर गुफा नजिकको सडकखण्ड र राप्ती राजमार्गको सल्यानस्थित चोरखोला सडकखण्ड समेत पूर्ण रुपमा अवरुद्ध भएको सडक विभागको तथ्याङ्क रहेको छ ।

भूगर्भविद् डा सुवोध ढकालले वर्षाका कारण माटो गलिसकेकाले हल्का वर्षा हुँदा समेत पहिरोको जोखिम बढी हुने भएकाले सतर्कता अपनाउनुपर्नेमा जोड दिनुभएको छ । “अविरल वर्षाका कारण माटो गलाएको छ । अहिले त थोरै पानी पर्नासाथ पहिरो जान थालेको छ”, उहाँले भन्नुभयो, “त्यसैले अत्यावश्यक काममा मात्रै हिँडडुल अनुरोध छ ।”रासस

JV OF CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.

MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME
MLRBP - IV
Government of Nepal in collaboration with Swiss Agency for Development & Cooperation

**TRAINEESHIP OPPORTUNITY FOR FEMALE CIVIL ENGINEERS**

**Swiss Agency for Development and Cooperation (SDC)** is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme (MLRBP)** in Nepal. On behalf of SDC, CIAS-MEH JV invites applications from **fresh female Engineers** holding Nepal Engineering Council License, for the traineeship positions to gain first-hand experience on engineering and management in Motorable bridge building.

**Title: Trainee Engineer - 14 positions**

**Qualification :** **Fresh Graduates**, holding Nepal Engineering Council License, who had completed **Bachelors** in Civil Engineering from December 2022 and onwards
**Duty station :** Provincial offices potentially from December 2024 to May 2025


It is **mandatory** for the selected trainees to complete the full traineeship programme

**Application Procedures:** Interested candidates who meet above requirements are requested to visit the website at www.lrbpnepal.org and submit application through online portal. Detail job description is available in the website.

Enquiry in any form will automatically disqualify the candidate. Only short-listed candidates will be contacted for further tests and interviews. LRBSU/CIAS-MEH JV reserves the right to reject any or all applications.

**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups. The traineeship opportunity is for female only, preferably from Dalit, Janjati, Madhesi/Terai caste/ethnicity, ethnic and religious minorities and discriminated Newar castes.**

**Deadline for submission of application: 18 September 2024**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अध्ययनका लागि ऋण

मधेशलगायत देशका विभिन्न स्थानबाट विदेशमा अध्ययन गर्न जाने विद्यार्थीको क्रम वृद्धि हुँदै गएको छ। विद्यार्थीहरुलाई अध्ययनका लागि विदेशका शैक्षिक प्रतिष्ठानहरुको आकर्षण , सुविधा , अवसर लगायतबारे जानकारी दिने कार्यक्रमहरु पनि जनकपुरधाममा हुने क्रम बढ्दैछ ।हरेक वर्ष विदेशी मुद्रा सटही , विभिन्न वित्तीय संस्थाहरुबाट विद्यार्थीको अध्ययनका लागि अभिभावकले लिने गरेको ऋणको तथ्यांक चासोको विषय बनेको छ। नेपाल राष्ट्र बैंक अनुसार आर्थिक वर्ष ८०/ ८१ मा विद्यार्थीले पढ्नका लागि ५४ करोड़ ३७ लाख रुपैयाँ ऋण लिएका छन् । यति ठूलो संख्यामा नेपाली विद्यार्थीहरु विदेशमा अध्ययन गर्न किन जाँदैछन् सरोकारबालाहरु यसको गम्भीर रुपले चिन्तन नगर्नु आश्चर्यको कुरा हो। नेपालमा पर्याप्त कलेज र विश्वविद्यालय हुँदा हुँदै विदेशका शैक्षिक प्रतिष्ठान रोज्नु महत्वपूर्ण प्रश्न हो । नेपालका विद्यालय र विश्वविद्यालयबाट अध्ययन गरी नेपालको श्रमबजारमा रोजगारीका लागि आउनेको संख्या पाँच लाख भन्दा बढी नै छ। त्यस्तै अनुमति लिइ विभिन्न मुलुकमा गएका तथा रोजगारीको क्रममा रोजगार अनुमति लिएर अरबलगायतका मुलुकमा नेपालीको संख्या ७० लाख देखि ७५ लाख रहेको कुरा विभिन्न तथ्यांकले प्रष्ट गरेको छ। यस्तो अवस्थामा नेपालबाट विदेशमा पढ्न जानेको संख्या अध्यधिक रुपमा बढ्दै जानुको पछाडि नेपालको शिक्ष महंगो भएकाले ऋण लिएर पनि विदेशका शैक्षिक प्रतिष्ठान रोज्ने कारकका रुपमा औल्याइन्छ। शिक्षा र स्वास्थ्य अत्यन्त महंगो भएका कारण सर्वसाधारणको पहुँचभन्दा बाहिर पुग्न थालेको छ। शिक्षा महंगो हुनु र महंगो रुपमा शिक्षा हासिल गरे पनि रोजगारी सहज नभएकाले नेपालबाट विद्यार्थी जसरी पनि विदेश जानका लागि लालायित छन् । अभिभावक आफ्ना सन्ततिलाई विदेश पठाउन सम्पूर्ण चल,अचल सम्पत्ति र यदि चल अचल सम्पत्ति नभएमा बैंकबाट ऋण काढेर भए पनि विदेश पठाउन सकेमा आफ्नो जिम्मेवारी समाप्त भएको मानसिकता पनि सोचनीय छ। विदेशमा अध्ययन जाने विद्यार्थीको मानसिकता पनि अनौठो देखिएको छ, उनीहरुमा अध्ययन पूरा गरी नेपालमा फर्किन नहुने मानसिकता पाउनु चिन्ताको विषय हो। मुख्य रुपले ऋण लिइ अध्ययन गएका विद्यार्थीहरुका लागि पढ्ने विषय गौण देखिन्छ। कुनै समयमा मधेशका विद्यार्थीहरुले भारतको शैक्षिक प्रतिष्ठान रोज्ने गर्थे भने वर्तमानमा बंगलादेश , पाकिस्तान , चीन पनि रोज्न थालेका छन् । समग्र अष्ट्रेलिया जाने विद्यार्थीको संख्या झन बढिरहेको छ । त्यसो त अमेरिका ,बेलायत , युरोपेली मुलुक पनि अध्ययनको गन्तव्य बनेको देखिन्छ । यी तथ्यहरु टाउको दुखाइ भए पनि स्वदेशमै पढ्ने वातावरण सिर्जना गर्ने सवालमा सरोकारबाला निकाय चुकिरहनु शुभ सूचक मान्न सकिदैन ।

# प्रदीप गिरीले बालेको समाजवादको आलोक



डा शोभाकर पराजुली

बाँचिरहेको जिन्दगीका बेलामा कहीँकतै प्रदीप गिरीले भन्नुभएको थियो, "मृत्यु नै जीवनको अन्तिम पाना हो ।" यो जीवन र जगत्लाई जसरी प्रदीप गिरीले बुझ्नुभयो जिन्दगीलाई शास्त्रीय ऐनाबाट हेर्ने, जिउने र बुझ्नेहरू सायदै हुन्छन् यो संसारमा। उहाँले बाँचेको निजी जीवन, राजनीतिक र सामाजिक जीवनको त्यो अद्भूत संयोग सायदै कसैको जीवनमा हुन्छ । नेपाली समाज अनि राजनीतिमा एउटा कहिल्यै नभिभ्ने 'दीप' हो प्रदीप गिरी । समाजवादी चिन्तकको छवि बनाउनुभएका प्रदीप गिरीले कहिल्यै लालचको जिन्दगी जिउनु भएन। कहिल्यै लाभको पद खोज्नु भएन। राजनीतिलाई कहिल्यै आफ्नो स्वार्थको भऱ्याङ बनाउनु भएन।

समाज परिवर्तनको एउटा अभियान वा आन्दोलन र राजनीतिलाई फरकफरक आँखाले हेर्ने अनि त्यही आदर्शलाई जिन्दगीको बाँच्ने शैलीमा ढाल्नसक्ने एउटा अलौलिक क्षमता लिएर जन्मिने यस्ता मान्छे जगतमा बिरलै हुन्छन् । समकालीन नेपाली समाज र राजनीतिमा त्यही एउटा दुर्लभ नाम पनि हो, प्रदीप गिरी। विसं २००४ मा सिरहाको बस्तीपुरमा जन्मिनुभएका प्रदीप गिरीका पिता मित्रलाल आफैँ नेपाली काँग्रेसका नेता हुनुहुन्थ्यो। बुबाका औँला समाएर उहाँले यो धर्तीमा आफूलाई उभ्याउन र पाइला चाल्न सिक्नुभयो । बुबाकै दीक्षाले उहाँभित्र राजनीतिको चेत पनि उज्यालिइसकेको थियो।


एउटा राजनीतिक परिवारमै हुर्के बढेका उहाँले सानै उमेरदेखि राजनीतिक शास्त्रका ठेलीहरूदेखि दर्शनशास्त्रका मोटामोटा किताबहरू कण्ठै पारिसक्नुभएको थियो। उहाँ जन्मिदाको समय राणा शासन थियो। एक सय वर्ष जहाँनीया शासन चलाइसकेको राणाका ती अन्तिम दिनहरू थिए। थिचिएका अनि मिचिएका नेपाली समाज भित्रभित्र राणाविरुद्ध विष्फोटक तयारीमा थियो । यसको परिणाम २००७ फागुन ७ गते नेपालका राजनीतिक दल, दरबार र राणाहरूबीच भएको एउटा समझदारीले देशमा प्रजातन्त्र आयो।

नेपालमा जन्मिए पनि उहाँको शिक्षादीक्षा भने भारतमै भएको थियो । १३ वर्षको उमेरदेखि नै राजनीतिको सक्रिय बाटोमा आफूलाई हिँडाउन सुरु गरिसक्नु भएका उहाँ त्यसपछि समाजवादका एक साधकका रुपमा स्थापित हुनुभयो। भारतमै बसेर राजनीतिमा पाइला सार्दै गर्दा त्यो बेला नेपालमा राजा महेन्द्रले जनताको प्रजातान्त्रिक अधिकारमाथि 'कु' गरिसकेका थिए। २०१७ सालदेखि उहाँले जुन राजनीतिक बाटोमा आफ्ना पाइलाहरू अघि बढाउन खोज्दै हुनुहुन्थ्यो, त्यसपछिका ३० वर्षहरू फेरि दरबारसँग लड्दालड्दै बिते। भारतमा चलिरहेको स्वतन्त्रता आन्दोलनलाई कलिलो दिमागमै छापिसक्नुभएको उहाँलाई पञ्चायतविरोधी आन्दोलनमा अघि बढ्न झन सजिलो भयो।

भारतमै पढ्ने बेलामा उहाँले बिपी कोइरालाको नाम धेरैपटक सुनिसक्नुभएको थियो । अरुजस्तै उहाँको मनमा पनि बिपीको एउटा अलग्गै तस्बिर छापिइसकेको थियो। भारतमै भएको एउटा कार्यक्रममा उहाँले बिपीलाई भेट्ने मौका पाउनुभयो । त्यही भेट नै उहाँको राजनीतिक जीवनको एउटा मोड बनिदियो। त्यही कार्यक्रममा उहाँले बिपीलाई प्रतिप्रश्न सोध्नुभयो। हत्तपत्त बिपीलाई प्रतिप्रश्न सोध्ने आँट कसैले पनि गर्दैनथे, यहाँसम्म कि अन्तर्वार्ता लिने पत्रकारहरूले समेत । एउटा कुनाबाट आफूलाई अप्रत्याशित त्यसमा पनि आलोचनात्मक प्रश्न गर्ने त्यो स्कुले ठिटो बिपीको नजरमा परिसकेको थियो। बिपीको त्यही नजर लागेको केटो २०२४ सालमा 'नेपाल छात्र सङ्घ बनारस'को निर्वाचित उपाध्यक्ष बन्यो। बिपीभन्दा ३० वर्ष कलिला उहाँका राजनीतिक पाइलाहरू त्यसपछि फटाफट अघि बढ्न थाले।

नेपाली काङ्ग्रेसभित्र बिपीको राजनीतिक, सामाजिक र साहित्यिक दर्शन अनि सिद्धान्तहरूलाई आलोचनात्मक विवेचना गर्ने सायद उहाँ एक्लो प्राणी नै होला। र, पनि उहाँले आफ्नो राजनीतिक जीवनभरि बिपीकै व्यक्तित्व, विचार अनि राजनीतिक सिद्धान्तलाई अपनाइरहनुभयो। खासगरी राष्ट्रवादका सन्दर्भमा उहाँ र बिपीबीच जहिल्यै सैद्धान्तिक र व्यावहारिक मतभेदको खाडल रहिरह्यो । तथापि, बिपीले निर्माण गरेको राजनीतिक सिद्धान्त र क्षितिजबाट प्रदीप कहिल्यै टाढा हुनुभएन तर कहिल्यै प्रश्न गर्न छोड्नुभएन । युगभन्दा अलि चाँडै जन्मिएका बिपीलाई सायदै त्यो बेलाको समाजले चिन्यो। त्यस्तो रिक्तता बिपी आफैँले पनि अनुभव गरेको भनेर आफ्ना आत्मकथाहरूमा कताकता उल्लेख गर्नुभएको छ। उहाँको एउटै चिन्ताको विषय हुन्थ्यो- शास्त्रीय बहस गर्ने समकालीन नै भएनन्।

बिपीका अघि सधैँ छाती तन्काएर उभिने उहाँ एउटा त्यस्तो तातोरातो युवा हुनुहुन्थ्यो, जसले बिपीसँग समाजवादका शास्त्रीय आयामहरूका बारेमा बहस गर्ने हिम्मत राख्थ्यो। अनि राष्ट्रवादका मुद्दामा बिपीसँग सवालजवाफ गर्ने हैसियत राख्थ्यो। बिपीलाई सिधासिधा प्रश्न सोध्न हिम्मत राख्ने उहाँलाई त्यही निहुँमा बिपीका विरोधी आँखाले हेर्नेहरूको कमी त थिएन तर पनि उहाँको अध्ययन अनि विश्लेषण क्षमताका अघि ती आलोचना र विरोधी नजरहरू कहिल्यै माथि उठ्न सकेनन् । उहाँको त्यो क्षमताका अघि ती सबै सधैँ दबित रहे।



यो आदत उहाँको आफ्नो निजी जीवनमा उत्तिकै थियो । जसले आफ्नाबारेमा प्रश्न गर्छ वा आलोचना गर्छ उसलाई नै उहाँले सधैँ नजिक राख्नुभयो। अर्थात् न उहाँ प्रश्न गर्न डराउनुभयो न आफूमाथि आउने प्रश्नहरूलाई पन्छाएर भाग्नुभयो। त्यही राजनीतिक कुशलता र क्षमताले नै उहाँ आफ्नो राजनीतिक दर्शनको पथमा सधैँ प्रदीप्त भइरहनुभयो । राजनीतिक जीवनका आफ्नै सिद्धान्तहरू हुन्छन्। जिन्दगी बाँच्ने आफ्नै शैली हुन्छ। त्यसलाई जिउने आफ्नै स्वभाव हुन्छ । उहाँ जीवनभरि त्यस्तै रहनुभयो, जस्तो यो समाजले चिनेको प्रदीप थियो।

एकपटक उहाँले बिपीलाई एउटा आग्रह गर्नुभएको थियो- 'सान्दाजु अब म आफूलाई समाजवादको अध्ययनमा सक्रिय बनाउँछु । समाजवादीहरूसँग सम्पर्क बढाइदिनुपऱ्यो ।' बिपीले भारतीय समाजवादी नेताहरूलाई पत्र लेखेरै उहाँलाई भेट्न र सम्बन्ध बढाउन सहजीकरण गरिदिनुभएको थियो। त्यसबाटै उहाँमा समाजवादको ब्याख्या विश्लेषण मात्रै होइन, त्यसको व्यावहारिकीकरणमा पनि आफूलाई अब्बल सावित गर्नुभयो । यसरी उहाँ एउटा राजनीतिक व्यक्ति मात्रै नभएर सिङ्गो वैश्विक समाजवादी आन्दोलनका एक प्रणेताका रुपमा आफूलाई स्थापित गर्नुभयो।

उहाँको एउटा खासियत के पनि थियो भने उहाँले आफू बाँचिरहेको सामाजिक संरचनालाई ठाडै चुनौती दिनुभयो । त्यो भनेको उहाँमा एक प्रकारको बिद्रोही स्वभाव पनि जिउँदो र जाग्दो थियो । यसका कारण उहाँ परिवार र समाजबाट अलग हुनु परे पनि आफ्नो सिद्धान्तबाट कहिल्यै डग्मगाउनु भएन । उहाँले सधैँ भन्नुहुन्थ्यो- 'यो समाज अनि सामाजिक संरचना हामी आफैँले आफ्नो सुविधाका लागि बनाएको हो । र त्यसलाई भत्काउन सक्ने पनि हामी आफैँ नै हो ।' कुनै बेला दलित समुदायका व्यक्तिलाई आफ्नो भान्सेका रुपमा राख्दा उहाँ परिवारबाटै बहिष्कृत हुनुपरेको थियो। तर उहाँ कहिल्यै त्यसबाट विचलित हुनुभएन र बरु आफूलाई सधैँ त्यस्तै दलित, पिछडिएका अनि सिमान्तकृत वर्गकै बीचमा राख्नुभयो। जीवनको अन्तिमसम्मै उहाँका सहयोगी त्यस्तै समुदायका व्यक्ति थिए। उहाँको त्यही अडिग विचारका कारण नेपाली काँग्रेसले आफ्नो समावेशी नीति नै बनायो 'कदमजम' । यो नीति नेपाली काँग्रेसले अवलम्बन गर्नुको पछाडि प्रदीपकै योगदान थियो।

समाजवादपछि उहाँको अर्को विद्वता भनेको मार्क्सवादको अध्ययन हो । खासगरी कम्युनिष्टहरूले आफ्नो सिद्धान्तको ग्रन्थ नै ठान्ने मार्क्सवादलाई सरलीकृत गर्ने उहाँले कुनै बेला कम्युनिष्ट स्कुलमा कम्युनिष्टहरूलाई मार्क्सवाद पनि पढाउनुभएको थियो। यसकारण उहाँलाई आदर्श मान्ने कम्युनिष्टहरूको पनि कमी छैन । फरक विचारधार भए पनि उहाँले मुद्दा मिल्नेहरूसँग सधैँ सम्बन्ध बढाउँदै लैजानुभयो। चाहे युद्ध गरिरहेको माओवादी होस् वा अधिकारका लागि आन्दोलन गरिरहेको मधेसवादी दलहरू । युद्ध गरिरहेको तत्कालीन माओवादीविरुद्ध सारा रज्यशक्ति र राजनीतिक दलहरूसमेत एकातिर हुँदा प्रदीप एक्लै माओवादीको पक्षमा उभिनुभयो । उहाँले सधैँ माओवादीले उठाएका मुद्दाहरूको सम्बोधन हुनुपर्छ भनिरहनुभयो। माओवादीलाई संसदीय बाटोमा ल्याउन पनि उहाँको धेरथोर भूमिका रह्यो । अनि मधेसमा आन्दोलन गरिरहेका तथा उनीहरूले उठाइरहेका मुद्दा र मागका विषयमा पनि उहाँ आफ्नै पार्टी नेपाली काँग्रेसभन्दा माथि उठेर लड्नुभयो। मधेसको अधिकारका लागि उहाँले त्यहाँ संघर्षरत सबै पक्षसँग सम्बन्ध बलियो बनाउनुभयो।

विसं २०७२ मा संविधानसभाले संविधान जारी गर्दा त्यसमा हस्ताक्षर नगर्ने एक सांसद उहाँ पनि हुनुहुन्छ। उहाँको यो संविधानप्रति सधैँ एउटै मत रह्यो- यो अपुरो संविधान छ । त्यसको संशोधन जरुरी छ। संविधान अझै संशोधन हुन सकेको त छैन तर अब संविधान संशोधनकै लागि सत्तागठबन्धन बनिरहेको यो बखत भने उहाँ हामीमाझ हुनुहुन्न । उहाँले सधैँ भन्नुहुन्थ्यो- 'जुनसुकै वाद होस् या सिद्धान्त त्यसले अन्ततः जनताको जीवनमा समृद्धि ल्याउनुपर्छ । जनताले त्यो महसुस गरेको दिन सबै सिद्धान्त र वादहरू बराबर हुन्छन् । त्यसैले कसैलाई वाद र सिद्धान्तका आधारमा हेरिनु हुँदैन । बरु मुद्दाका आधारमा उनीहरूलाई आफ्नो पराई सम्झनुपर्छ ।' बिपीपछि शक्तिशाली सभापतिका रुपमा रहेका गिरिजाप्रसाद कोइरालासँग उहाँको सधैँभरि मतभेद यही कुरामा रहिरह्यो।

पार्टीको नीति र सिद्धान्तभन्दा माथि उठेर 'गणतन्त्र'को अभियान चलाउन प्रेरित गर्ने उहाँ कहिल्यै पनि कसैको नियन्त्रित घेराभित्र रहनुभएन । आफ्नो ब्रह्म, सिद्धान्त र विचारले जे देख्यो उहाँले त्यसै गर्नुभयो । यहाँसम्म कि विचारमा असहमति बढ्दै जाँदा उहाँ मूल पार्टीबाट अलग पनि हुनुभयो तर कहिल्यै आफ्नो आत्मसिद्धान्त विपरीत सम्झौता गर्नुभएन। त्यसैले कतिपयले उहाँलाई अराजक भनेर पनि आलोचना र टिप्पणी गर्छन् । तथापि उहाँ आफ्नै स्वभावमा बाँच्ने रमाउने व्यक्तित्व हुनुहुन्थ्यो। त्यसैले उहाँमा कहिल्यै लोभलालच जागेन अर्थात उहाँले अपनाउनु भएको राजनीतिक सिद्धान्तले कहिल्यै पनि लाभको पदमा बस्न सिकाएन । मन्त्री बन्न आएका कतिपय प्रस्तावहरूलाई उहाँले ठाडै अस्वीकार गर्नुभयो। कहिल्यै कुनै राजनीतिक भाग खोज्नुभएन र आफूलाई अनि आफ्नाहरूलाई पनि त्यसका लागि रोज्नुभएन । तर जनताका कामका लागि भने उहाँ सधैँ अघि लागेर खटिनुभयो। त्यसैको परिणाम हो उहाँले चुनावमा भोट माग्न कहिल्यै जानु भएन। बरु मतदाताहरू उहाँलाई भेट्न आएरै शुभेच्छा दिन्थे, अनि चुनावमा भोट हालेर उहाँलाई जिताउँथे।

एउटा कुलीन परिवारमा जन्मिए पनि उहाँमा न कहिल्यै धन सम्पत्तिको लोभ रह्यो, न त्यसको रवाफ । उहाँ सधैँ आफूलाई भूइँमान्छेका रुपमा उभ्यानुभयो। भूइँमान्छेहरूसँग रहनुभयो । समाजवादलाई आफ्नो आदर्श ठान्नेहरूको सबैभन्दा ठूलो गुण यही नै हो र समाजवादको असली अभ्यास नै यही हो। आफूलाई कहिल्यै बिलासी संस्कारमा नढालेका उहाँको यही सन्तपन नै आमनागरिकका लागि अनुराग बन्यो। आफ्ना आदर्श र सिद्धान्तहरूलाई उहाँले कतिसम्म व्यवहारमा उतार्नुहुन्थ्यो भन्ने यो एउटा बलियो उदाहरण हो । आफ्ना सारा सम्पत्तिलाई आफ्नै बस्तीमा आश्रम बनाएर उहाँले बेसहाराहरूलाई साहार दिने कोसिस गर्नुभयो। मृत्यु शैय्यामा जीवन चियाइरहँदा पनि धिपधिपारहेको त्यो उहाँभित्र उत्तिकै प्रदीप्त ज्योति थियो। परिवार अनि आफन्तहरूको घेरामा कहिल्यै नअटाएका उहाँका लागि बरू यो खुला संसार नै परिवारजस्तै थियो। त्यसैले त उहाँले नदीछेउमा आश्रम बनाउनुभयो। असहायहरूलाई पढ्न लेख्न सिकाउनुभयो। जातपातको भाषा कहिल्यै जान्न चाहनुभएन । सबै मान्छे बराबर देख्नुभयो। बरु आफूलाई सधैँ फकीर बनाइराख्नुभयो तर वंश अनि अंशमा कहिल्यै हक खोज्नुभएन। त्यो आफ्नो निजी जीवनमा पनि होइन र राजनीतिक जीवनमा पनि।

कहिल्यै उहाँ सत्तामा जान चाहनुभएन । कहिल्यै त्यो चाह वा मोह पनि राख्नुभएन । राजनीतिक रुपमा एक नेता अनि शासक बन्ने चाहनाबाट उन्मुक्त उहाँ सधैँ जीवन दर्शनको खोजमै तल्लीन रहनुभयो। वंशका लागि कहिल्यै चिन्ता गर्नुभएन। सम्बन्ध र प्रेमलाई पनि कहिल्यै उहाँले महत्व दिनुभएन। परिवार अनि आफन्तहरूको घेरामा कहिल्यै नअटाउनुभएका उहाँका लागि बरू यो खुला संसार नै परिवार जस्तै थियो। अनि अरूका लागि प्रदीप बन्नुभएको थियो।

भौतिक संरचनाको निर्माण मात्रै विकास होइन र त्यसले मात्रै समृद्धि ल्याउँदै भन्ने मान्यता राख्ने उहाँले विकासे संरचनाहरूले जनताको जीवनमा के चाहिँ परिवर्तन ल्यायो भनेर मूल्याङ्कन गर्नुपर्ने ठान्नुहुन्थ्यो। उहाँले विकासे अभियानलाई कहिल्यै समाजवादको जग मान्नुभएन । अर्थतन्त्रको उदारीकरणसँगै राज्य नागरिकप्रतिको आफ्नो दायित्वबाट बिमुख हुनु हुँदैन भनेर सधैँ खबरदारी गरिरहनुपर्ने उहाँको मान्यता थियो। यसैलाई लोकतान्त्रिक समाजवादका रुपमा ब्याख्या पनि गर्न सकिन्छ । राजनीतिक, आर्थिक तथा सामाजिक जीवनका दर्शन र सिद्धान्तका ठेलीहरू कन्ठस्थ पार्नुभएका उहाँ कहिल्यै एकाङ्की हुनुभएन। ज्ञानको भारीले उहाँलाई कहिल्यै थिचेन बरु उहाँ चङ्गाजस्तै फुरुङ्ग हुनुहुन्थ्यो, भूइँमान्छेहरूसँग रमाउँदा, उनीहरूसँग संवाद गर्दा र उनीहरूका समस्याको समाधान गरिदिँदा।

उहाँको जीवनगाथा एउटा सानो आलेखमा अट्ने खालको हुँदै होइन। उहाँले बाँचेको जीवन अनि उहाँले अपनाएको जीवनशैलीका फेहरिस्त लेख्ने हो भने त जीवन दर्शनको एउटा सिङ्गो ठेली नै बन्छ। उहाँ एक नेता मात्रै हुनुहुन्न, राजनीतिज्ञ मात्रै पनि हुनुहुन्, उहाँ जीवनका साधकमात्रै होइन र त्यसका लागि साधना मात्रै पनि गर्नुभएन। चिन्ता र चिन्तनमात्रै पनि गर्नुभएन। बरु जस्तो हुनुहुन्थ्यो त्यस्तै बाँचीदिनुभयो। जस्तो जीवन बाँच्नुभयो, त्यस्तै विचार निर्माण गरेर जानुभयो। एउटा त्यस्तो विचारको बत्ती जलाएर उहाँ जानुभएको छ, त्यसले नेपाली समाज र राजनीतिलाई जुगौँजुगसम्म आलोकित बनाइरहनेछ। (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)

# कृषिमा हामीले के सुधार गर्न सक्छौँ ?



केपी शर्मा ओली

म कृषि विज्ञ होइन, किसानको छोरा हुँ। सानो हुँदा कृषि गरेको हुँ। ठूलो हुँदा कृषि गर्न भ्याइँदै भ्याइएन। त्यसकारण म अहिले किसान पनि होइन तर मेरो रगतमा किसानको 'जीन' छ। बोटविरुवा देखेपछि मलाई माया लाग्छ, मलाई देखेपछि बोटविरुवाले पनि माया गर्छन्। मैले बारी कस्तो बनाएको थिएँ भने कुटो कोदालो होइन कि हातका औँला घुसारेर त्यसको गोडमेल गर्ने गर्थें। अरु साथीहरुले लगाएको चाहिँ त्यति राम्रो नफल्ने । साथीहरुले हामीले पनि उही काम गरिराखेका छौँ भन्थे । मैले तपाईंहरुले त्यसलाई माया कम गर्नु भएको छ, उसले बुझ्छ भन्ने जवाफ दिन्थेँ।

म पोखरा जेलमा हुँदा अलिअलि खेती गर्थें । मैले रोपेको तरकारी, फलफूल राम्रो फल्थ्यो। अनि अरुहरु छक्क पर्थे। खासमा बोटविरुवाले मान्छेले कत्तिको माया गरेको छ भन्ने याद गर्छ। गाई, भैँसीलाई पनि माया गरे नगरेको थाहा हुन्छ। रिसायो भने गाई भैँसीले दूध लुकायो भन्छन्। खुसी भएन, प्रशन्न भएन भने दूध दिँदैन । उसको भकारो सोहोर्ने, मान्छेले सुम्सुम्याउने मान्छेले दुयो भने बढी नै दूध दिन्छ। दूध जतिबेला पनि आउँदैन, ऊ खुसी छैन, नाखुश छ भने पगारे पनि लुकाइदिन्छ। अहिले त मेसिनले चुसेर, तानेर भएजति तान्ने गरिन्छ । हामीले कृषि बालीको कुरा किसानहरुलाई सिकाउनुपर्छ कि खुसी हुनुपर्छ, यसलाई माया गरेको हुनुपर्छ, त्यो माया गरेपछि यसले प्रतिफल धेरै दिन्छ भनेर बुझाउनुपर्छ। साँच्चै कस्तो वातावरण छ भनेर पशुबालीले हेर्छ । बाजा, सङ्गीत, गीत आदि इत्यादि त्यसलाई मनपर्छ । मन नपर्ने खालको क्रसर राखिदयो भने त्यसले मन पराउँदैन भने कर्कश आवाजले पनि त्यसलाई राम्रो गर्दैन।

मत्स्यपालनका सन्दर्भमा अहिलेको उत्पादन कति छ ? कति माछापोखरी छन् ? कति खोलाबाट निकालिन्छ ? खोलाबाट निकालिने कुराको धेरै भर नपरौँ। खासमा भन्ने हो भने खोलाबाट धेरै माछा निकाल्ने पनि होइन, त्यहाँ यसलाई खेल्न दिने हो। भरपर्ने त तालका माछामा हो। खोलाका माछा त्यतिकै समाउन पाइँदैन नि। मत्स्यपालनसम्बन्धी लक्ष्य तोक्नुस्। चराको मासु खानु छ भने पालेको हुनुपऱ्यो। जङ्गलमा गएर फ्याट्टफ्याट्ट मार्न हुँदैन। खोलामा माछा मार्नु, जङ्गलमा चरा मार्नु 'इकोसिस्टम' विरोधी कुरा हो। फलफूल खानु छ भने फलाएको हुनैपऱ्यो। गाई र भैँसीबाटै दुग्ध उत्पादन हुने हो। गाईको दूधबाहेक मलमूत्र मात्रै काम लाग्ने हो। भैँसीमा जोड दिने तपाईंहरुले जोड दिएको पनि ठीक छ। भोलि गएर कतिपयले गाईको मात्रै दूध खाने, भैँसी, चौँरीको दूध नखाने भन्ने पनि हुनसक्छ। त्यसकारण डेरीको दूध नखाने स्वाभाविक हुन्छ। त्यहाँ गाईको पनि हुन्छ, भैँसीको पनि हुन्छ । त्यसो भएर गाईको दूध मात्रै भोलि कारोबार हुनसक्ने स्थिति नहोला भन्न सकिन्न। दूध खाँदा भैँसीको मीठो हुन्छ तर घ्यू गाईकै मीठो मानिन्छ।

फलफूल क्षेत्रमा के गर्ने र कहाँ कहाँको के भिन्नता छ ? हाम्रो उपलब्धि के हो ? हाम्रो लक्ष्य के हो ? गत वर्षको भन्दा यो वर्षको लक्ष्य र उपलब्धि अलिक माथि हुनुपऱ्यो । हामीले सबै क्षेत्रमा विगतका रेकर्ड तोड्नेछौँ । गत वर्षको भन्दा उत्पादन, बिक्री वितरणमा वृद्धिसँगै आम्दानीमा पनि रेकर्ड तोड्छौँ।

अनुकूलनलाई हामीले प्रकृतिको 'इकोसिस्टम' भन्छौँ, यो त्यही इकोसिस्टम हो, सर्कल। एउटाको खाना अर्काको मल, अर्काको खाना अर्काको मल । अर्कोले परित्याग गर्छ, अर्कोले खान्छ । अलिक रुपान्तरित हुन्छ। हामी मल हाल्छौँ, त्यो मलबाट स्याउ फल्छ। त्यो चिज हामी खान्छौँ र त्यो मल फेरि उसैलाई काम लाग्छ। एउटाको मल अर्कोले ग्रहण गर्छ, अर्काको अर्कोले ग्रहण गर्छ र रुपान्तरित हुन्छ । हरेक क्षेत्रमा फरक ल्याउनका निम्ति तपाईंहरुले 'एक्सिलेन्स सेन्टर'हरु खोल्नुस्। अथवा कृषि ट्रेडिङका उपायहरु हुन्। गाउँगाउँमा गएर यसरी बाली लगाइन्छ है, यसरी लगाएपछि आम्दानी बढी हुन्छ र त्यसले बजार पाउँछ भनेर किसानहरुका प्रशिक्षित गराउन आवश्यक छ।

हिजो परिवार उत्पादनको एउटा एकाइ हुन्थ्यो । आज परिवारमा उत्पादनको एकाइ छैन । मेरो हजुरबाको एउटा खेत, एउटा बारी, एउटा गोठ थियो । आफ्नै खेतमा धान, मकै, आलीमा मास, बारीमा तोरी उत्पादन हुन्थ्यो। पशुपालन आफ्नै गोठमा, आफ्नै चरिचरनमा सबै चिज हुन्थ्यो । एउटा नूनबाहेक केही पनि किन्न पर्दैनथ्यो। एउटा परिवारको उत्पादन, परिवारको उपभोगमै हुन्थ्यो र अर्थतन्त्र त्यतिमै चल्थ्यो । तर बालीको आफ्नोपन पनि बिग्रिन्छ । त्यसकारण यस्तोमा सहकारी भयो भने सहकारी, सहकारी भएन भने सामूहिक खालको खेतीमा जानुपर्छ। त्यसोगर्दा बजार पाउन सजिलो हुन्छ । एकैखालको खेती लगाएपछि ठूलोमात्रामा उत्पादन हुन्छ। त्यसले बजार पाउँछ।

मैले सुनेको थिएँ-कैलालीमा पोहोर वा परार किसानहरुले घिरौँला खेतबारीमा फ्याँके, किनभने बिकेन । सबैको घरमा घिरौँला, कसले किन्छ ? कसैले किन्दैन। डोकामा बजार लग्यो, घरघरमा घिरौँला छ, कसले किन्छ, कसैले किन्दैनन्। यदि त्यो घिरौँला एक/दुई ट्रक भएको भए काठमाडौँ आउन्थ्यो। बिक्री नभएपछि बारीमा फ्याँक्नुको विकल्प हुँदैन । ठूलो परिमाणमा गोलभेंडा उत्पादन भयो भने त्यसको अचार उद्योग स्थापना गर्न सकिन्छ। गोलभैँडाको स्लाइस, जुस उद्योग, गोलभैँडाको चप उद्योग वा अनेक चिज उत्पादन गर्न सक्छन्। त्यसैले ठूलो परिमाणमा ध्यान दिऔं। नयाँ इनोभेसनमा ध्यान दिऔँ। नवप्रवर्तनभन्दा इनोभेसन शब्द ठीक छ, सजिलो छ। हरेक ठाउँमा नयाँ मार्क लगाउनेगरी नयाँ 'इनोभेटिभ' विचार लगाउनुस् । चिस्यान केन्द्र कति ठाउँमा खोल्न सकिन्छ, पशु स्वास्थ्य केन्द्र

> कृषिमा परिवर्तन र रुपान्तरण नल्याई हाम्रो देशको विकास सम्भव छैन । सन् १९३० मा अमेरिकामा हरित क्रान्ति आयो, युरोपमा सन् १९४० मा आयो । भारतमा सन् १९६८ मा आयो । सन् १९६८ मा अमेरिकाले हरित क्रान्तिलाई धेरै अगाडि बढायो । त्यसकारण अहिले डेढ अर्ब जनसंख्यालाई खुवाएर पनि बाहिर पठाउँछ, हामीलाई बेच्छ । हाम्रो जनसंख्या तीन करोड मात्रै छ तर हामीले उत्पादन गरेको वस्तुले खान पुग्दैन ।

कृषि क्षेत्रमा शिक्षाको ठूलो समस्या छ। यसमा १४ देखि ६५ वर्षको सक्रियता कम भएको छ। बूढाबूढी मात्रै त्यसमा निर्भर छन् । त्यो सक्रिय जनशक्ति होइन । बालबच्चा पनि कृषिमै निर्भर गरेका हुन्छन्। कूल जनशक्तिको ६० प्रतिशत वा त्योभन्दा बढी कति चाहिँ कृषिमा निर्भर छ स्पष्ट छैन । मानिसले व्यवसाय किसान लेखेको हुन्छ तर कृषिमा भर परेको हुँदैन । छोराबुहारी जागिर खाइराखेका हुन्छन्, आम्दानीको मुख्य स्रोत जागिर भइराखेको हुन्छ । त्यो जागिर कृषिले दिँदैन । कृषि त बाँच्ने पेट पाल्ने कुरा हो नी । सबै प्रणाली पेटबाट सुरु हुन्छ । हरेक जीवित चिजलाई प्रकृतिले यस्तो बनाइदिएको छ।

माटो पनि जीवित हो। माटो मऱ्यो भने उर्भरत हुँदैन। प्रकृतिमा यस्तो गुण हुन्छ कि जसले त्यसलाई ग्रहण गऱ्यो, त्यसैसँग मिल्ने हुन्छ। त्यही चामल बाख्राको पाठोलाई दिनुस्, त्यो त्यही चामल बाख्रो हुन्छ । त्यही चामल खाएर मान्छे हुन्छ, त्यही चामल खाएर गाई हुनसक्छ। यो अनुकूलन प्रकृतिको विशेषता हो। यस अब सबै कुरा नकिनी नहुने अवस्थामा हामी पुग्यौँ। उत्पादनको प्रवृत्ति, ढाँचा र तरिकामा फरक पऱ्यो। फरक परेको चिजलाई हामीले परिवर्तन गरेनौँ भने बाँझा बारी, बाँझा खेत भनेर हुँदैन । त्यसलाई अब व्यावसायिकतामा लैजानै पर्छ। दुनियाँ कहाँबाट कहाँ पुग्यो । परिवारलाई उत्पादनको एकाइ बनाउने हो भने एकै प्रकारको खेती उनीहरुले गरुन्। कान्लाभरि रुख, फलफूल लगाऔँ, बारी र खेतभरि अन्न लगाऔँ।

म सम्झिँन्छु, म सानो हुँदा सुन्तलाको बगैँचा आफ्नै घरमा हुन्थ्यो । दुई/चार रुख नास्पातीका हुन्थे । असारमा पाक्ने ठूलो नास्पतीदेखि मङ्सिरमा पाक्ने नास्पाती हुन्थ्यो । सानो नास्पातीको स्वाद अनौठो हुन्छ। अम्बा कान्लाभरि जताततै हुन्थ्यो। केराघारी आफ्नैमा हुन्थ्यो। अनार पनि रोपिदिए राम्ररी फल्थ्यो। यी सबै खालका फलहरु आफ्नै बारीमा हुन्थे। अब त्यस हिसाबले चल्दैन। मैले अनार पनि लगाउँछु, अम्बा पनि लगाउँछु भनेर व्यक्तिगत हिसाबमा हिजो जसरी अब चल्दैन। किसानहरुले एउटा एउटा बाली लगाएर हुँदैन। यसरी लगाउँदा खोल्न सकिन्छ त्यतातिर ध्यान दिऔँ।

सन् २०२० पछि अमेरिकाले मलेरिया उन्मूलनको काम गऱ्यो। त्यसबेला उसले इन्स्पेक्टर र स्प्रेहरु राखेको थियो। स्प्रे गरेकाले घर नम्बर लेख्नु पर्दथ्यो । घरको परिवारको संख्या उनीहरुको खातामा हुन्थ्यो । घरको एउटा ठाउँमा रङ लगाएर लेखेको हुन्थ्यो र त्यहाँ सही गर्नु पर्दथ्यो। स्प्रेयरले सही गर्दथ्यो। इन्स्पेक्टर आउँन्थ्यो र स्प्रेयरको मुनि उसले पनि सही गर्दथ्यो। कहिले आउँछ इन्स्पेक्टर थाहा छैन तर घरघरमा आउँछ। जाँच गर्दा कसरी गऱ्यो भन्ने मुख्य कुरा हो। हाम्रो प्रोजेक्ट राम्रो भएको छ कि छैन ? उदाहरणका लागि काठमाडौँबाट हेलिकप्टर लिएर अचानक जनकपुर गयो, एउटा स्कुलको मैदानमा हेलिकप्टर रोकेर वरिपरिका गाउँमा गयो, कुनकुन महिनामा जाँच भएको छ, कुनकुन महिनामा जाँच भएको छैन, कुनकुन घरमा पुगेको छ, कुनकुन घरमा पुगेको छैन भनेर नमूनाका रुपमा पाँच/सात घर हेऱ्यो। अर्को ठाउँमा पुग्यो, त्यसैगरी हेरेर आयो। त्यहाँ उसले भने अनुसारको हस्ताक्षर गर्ने ठाउँ खम्बा वा भित्तामा हुन्थ्यो र त्यसमा गरेको हुन्थ्यो। त्यसो गरेर पक्का गर्दथ्यो। त्यसो भएपछि गएँ भनेर झुट बोल्न पाएन। कुन घरमा कुन मितिमा गयो, त्यो घरमा सही गर्नु पर्ने। त्यहाँ भित्तामा ठाउँ बनाएर सही गर्नुपर्ने। हामीले त्यस्तै प्रणालीको किन विकास गर्न नसक्ने ? एक/दुई ठाउँमा नमुना हेरेपछि थाहा भइहाल्छ । यस्ता कुराहरुमा अप्रत्याशित र अनपेक्षित ठाउँमा गएर गर्ने छड्के नै जाँच गर्नुपर्छ। त्यसो भएपछि उनीहरुले ढाट्ने ठाउँ हुँदैन। यो कुरालाई क्षेत्र क्षेत्रको योजना बनाऔँ।

कृषिमा परिवर्तन र रुपान्तरण नल्याई हाम्रो देशको विकास सम्भव छैन। सन् १९३० मा अमेरिकामा हरित क्रान्ति आयो, युरोपमा सन् १९४० मा आयो । भारतमा सन् १९६८ मा आयो । सन् १९६८ मा अमेरिकाले हरित क्रान्तिलाई धेरै अगाडि बढायो। त्यसकारण अहिले डेढ अर्ब जनसंख्यालाई खुवाएर पनि बाहिर पठाउँछ, हामीलाई बेच्छ। हाम्रो जनसंख्या तीन करोड मात्रै छ तर हामीले उत्पादन गरेको वस्तुले खान पुग्दैन। पहिलेको जस्तो ढाँचाले होइन, अहिले भारतीय प्याज हेर्नुभयो जापान र चीनको जस्तै भएको छ। जापान र चीनले ठूलो फलाउँछन् । अहिले भारतले पनि त्यही गर्छ । त्यो सन् १९६५ बाट सुरु गरेर १९६८ सम्ममा ग्रिन रिभुलुसन अगाडि बढायो । उसका भैँसी गुजराती भनेर चिनिने भए । बेलायतबाट ल्याएको गाई भनेर टाटेपाटी गाईलाई भन्ने चलन थियो। अहिले जर्सी गाई भन्छन्, उहिले बेलायती भन्थे। बैठक कक्ष अलिक गतिलो बनायो भने बेलायती हुन्थ्यो । गतिलो भएपछि बेलायती गाई, बेलायती कुकुर । केही अलि सप्रियो भने यो त बेलायती नै रहेछ नि भन्थे। भारतले बेलायतका र अन्यत्रबाट केही ल्यायो। अरु देशले प्रगति गरिरहँदा नेपालमा त चकमन्न थियो । पञ्चायतकाल आयो, महेन्द्रले विकास गर्न खोजेको अलिक देखियो। तर, महेन्द्रको विकासको गति २०२० देखि २०२४ सालसम्म रफ्तारमा चल्यो। अहिले पनि धेरै भवनहरु तिनैताका बनेका हुन्। पञ्चायतकालीन भवनमै हामी चलिराखेका छौँ। त्यतिबेला विश्वविद्यालय एउटै मात्र थियो होला तर पर्याप्त नै थियो नि त्यस बेलाको विकासको तहमा । अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा भनेर सुरु गरे। पाँच कक्षासम्म त मान्छेले अनिवार्य तथा निःशुल्क रुपमा पढ्न पाएका थिए। त्यसबेला उत्साह के थियो भने एसएलसी पास गरेका शिक्षकहरु पाइँदैन्थे । कोही कोही माविहरुमा त एसएलसी पास नगरेका शिक्षकहरु थिए र प्रधानाध्यापक नै एसएलसी पास गरेका थिए। आइए पास गरेका त यदाकदा थिए हाइस्कुलमा । (सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले गत साउन ३२ मा कृषि तथा पशुपक्षी मन्त्रालयका पदाधिकारीहरुलाई दिनुभएको निर्देशनको सम्पादित अंश)

# कृषि अनुदान लगेर काम नगर्नेको सूची सार्वजनिक गरिने



काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि मन्त्रालयबाट ठूलो मात्रामा अनुदान लगेर काम नगर्नेहरूको सूचि सार्वजनिक गर्ने बताउनुभएको छ ।

मन्त्रालयमा मंगलबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भन्नुभयो, "कृषि मन्त्रालयले पछिल्लो पाँच/सात वर्षमा अर्बौं रुपैयाँ अनुदान दिएको रहेछ । सबै विवरण सार्वजनिक गर्नुपर्छ भनिसकेको छु । केही दिनमा यो पनि सार्वजनिक हुन्छ ।"

आफूले मन्त्रालय सम्हाल्दा कर्मचारी आन्दोलनदेखिका यावत समस्या रहेको चर्चा गर्दै उहाँले दुग्ध किसानको वक्यौतादेखि उखु किसानको पैसा दिने गरी काम गरिरहेको बताउनुभयो । मन्त्री अधिकारीले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि रु २५ करोड दूग्ध किसानको हातमा गइसकेको जानकारी दिनुभयो । डेढ अर्ब रुपैयाँ किसानलाई तिर्न बाँकी रहेको जनाउँदै उहाँले भन्नुभयो, "बाँकी रकम पनि निकासका लागि प्रयास भइरहेको छ । उखु किसानलाई गत वर्षको भुक्तानी दिन नसक्ने हो भने दसैँको बेलामा जुलुस निस्कँदैछ । त्यो पनि जानकारी छ । रकम निकासका लागि प्रयास गरिरहेको छु ।" मन्त्री अधिकारीले कृषि मन्त्रालय र असली किसानको बीचमा ठूलो खाडल रहेको र त्यसलाई कसरी पुर्ने भनेर आफू लागि परेको बताउनुभयो ।

फरक प्रसङ्गमा उहाँले राजनीतिक दलप्रति जनताको वितृष्णा रहेको स्वीकार्दै नेपाली कांग्रेस र नेकपा (एमाले) को वर्तमान गठबन्धनले जनतामा उत्साह जगाउने गरी काम गर्नुपर्ने र गर्ने बताउनुभयो ।"राज्यप्रति जनताको भरोसा टुटेको छ, त्यसमा उत्साह जगाउन सबैले भूमिका खेल्नुपर्ने छ", उहाँले भन्नुभयो, "जिम्मेवारीबाट भाग्न सकिने अवस्था छैन । भागिदैन ।" आफूबाट कुनै गल्ती गरे र भए सञ्चारमाध्यम र सञ्चारकर्मीले औंल्याइदिन आग्रह गर्दै मन्त्री अधिकारीले त्यसलाई आफूले सकारात्मक रुपमा ग्रहण गर्ने पनि प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# 'न्यून राजस्व र बढ्दो सार्वजनिक ऋणको दायित्वले विकास वित्त परिचालनमा समस्या'

"राजस्वको अधिकांश भाग सार्वजनिक ऋण भुक्तानीमा लगाउनुपर्ने बाध्यताले सामाजिक सुरक्षा तथा विकास गतिविधिमा सरकारको लगानी सङ्कुचित हुने देखिएको छ । यसले दिगो विकासको लक्ष्य पूरा गर्ने सङ्कल्पलाई टाढा धकेल्ने जोखिम बढेको छ", अर्थमन्त्री पौडेलले भन्नुभयो ।



काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकासोन्मुख र अल्प विकसित मुलुकहरुको आन्तरिक राजस्व परिचालन गर्ने क्षमता कमजोर हुँदै गएको र सार्वजनिक ऋणको भार पनि बढ्दै गएकाले विकासका लागि स्रोतको जोहो गर्नु चुनौतीपूर्ण भएको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घले अर्थ मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासङ्घसँगको सहकार्यमा मंगलबार आयोजना गरेको 'विकासका लागि वित्तसम्बन्धी संवाद' कार्यक्रममा अर्थमन्त्री पौडेलले नेपालले पनि न्यून राजस्व सङ्कलन र बढ्दो सार्वजनिक ऋणको दायित्वका कारण सिर्जित समस्या भोगिरहेको बताउनुभएको हो । "राजस्वको अधिकांश भाग सार्वजनिक ऋण भुक्तानीमा लगाउनुपर्ने बाध्यताले सामाजिक सुरक्षा तथा विकास गतिविधिमा सरकारको लगानी सङ्कुचित हुने देखिएको छ । यसले दिगो विकासको लक्ष्य पूरा गर्ने सङ्कल्पलाई टाढा धकेल्ने जोखिम बढेको छ", अर्थमन्त्री पौडेलले भन्नुभयो ।

'दिगो विकासको लक्ष्य हासिल गर्ने अभियानमा कोही पनि नछुटुन्' भन्ने नाराका साथ संयुक्त राष्ट्रसङ्घले विकासका लागि वित्त परिचालन गर्न जोड दिँदै आएको छ । विकासोन्मुख र अल्पविकसित मुलुकमा लगानीका लागि स्रोतको कमी मुख्य चुनौतीका रुपमा देखापरेको अर्थमन्त्री पौडेलले बताउनुभयो । जलवायु परिवर्तनको प्रभावबाट ती मुलुक बढी प्रभावित बनेका छन् । उच्च व्यापार घाटा, सुस्त आर्थिक वृद्धि, विकास सहायताको घट्दो प्रवृत्तिले विकासोन्मुख र अल्पविकसित देशहरु थप समस्यामा रहेको अर्थमन्त्री पौडेलले उल्लेख गर्नुभयो । विकास वित्तका नवीन तथा वैकल्पिक उपायहरुको उपयोग गर्नुपर्ने देखिएको पनि उहाँको भनाइ छ ।

आन्तरिक स्रोतको अलावा निजी पुँजी तथा विकास सहयतालगायत सम्भाव्य सबै स्रोतको अधिकतम उपयोग गर्नेगरी विकास वित्तको खाका तय गर्नुपर्ने आवश्यकता पौडेलले औंल्याउनुभयो । कूल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्वको अनुपात तुलनात्मक रुपमा राम्रो देखिए पनि यसलाई दिगो बनाउनुपर्ने चुनौती रहेको उहाँको भनाइ छ । "प्रत्यक्ष वैदेशिक लगानी र बाह्य क्षेत्रबाट हुने पुँजी प्रवाह तुलनात्मक रुपमा न्यून छ । सार्वजनिक ऋण सुरक्षित तहमा नै भए पनि आगामी दिनमा यसमा चुनौती थपिने देखिन्छ । उच्च व्यापार घाटा र न्यून आर्थिक वृद्धिदर र लामो समयदेखि संरचनात्मक समस्याका रुपमा अर्थतन्त्रमा विद्यमान छन्", अर्थमन्त्री पौडेलले भन्नुभयो, "नेपाल जलवायु परिवर्तनको प्रभावबाट प्रत्यक्ष रुपमा प्रभावित भएको छ । हामीले कार्बन उत्सर्जनमा नगन्य योगदान रहे पनि हामीलाई गैरअनुपातिक असर परेको हुँदा अनुकूलनमा निकै ठूलो रकम छुट्याउनु पर्नेछ । यसैले नेपाल विकास वित्तका लागि नयाँ स्रोत र उपकरण जुटाउनुपर्ने पक्षमा उभिएको छ ।" विकास साझेदार हरुसँग यी विषयमा पर्याप्त अन्तरक्रिया गरी अगाडि बढ्न सरकार दृढ रहेको पनि उहाँले बताउनुभयो ।

अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रलाई नेतृत्वदायी भूमिकामा राखेको पनि उहाँले उल्लेख गर्नुभयो । "सोह्रौं आवधिक योजनाले निजी क्षेत्रको भूमिकालाई अधिक महत्व दिएको छ । निजी क्षेत्र सरकारको साझेदार हो । हाम्रा लक्ष्य अलग छैनन् । सरकार निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक वातावरण बनाउन प्रतिबद्ध छ", अर्थमन्त्री पौडेलले भन्नुभयो, "निजी पुँजी आकर्षित गर्नेगरी विकास वित्तको खाका निर्माण तथा प्रतिफलयुक्त आयोजनाको सूची तयार गरी लगानी जुटाउनु आवश्यक छ ।"

स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्न सरकार प्रयत्नरत रहेको पनि उहाँले उल्लेख गर्नुभयो । सरकारी र निजी लगानी बढाउनसकेमा स्वदेशमा नै कामका अवसर बढाउन सकिने विश्वास उहाँले व्यक्त गर्नुभयो । आन्तरिक मात्र नभई वैदेशिक लगानी भित्र्याउनका लागि पनि सरकारले सहजीकरण गर्ने पौडेलको भनाइ छ । "नेपालको विकास प्रयासमा स्वदेशी पुँजी र प्रविधि मात्र पर्याप्त छैन । सरकार विदेशी पुँजी र प्रविधि भित्र्याउन सबै नीतिगत र कानुनी पूर्वाधार निर्माण गर्न कटिबद्ध छ । कानुनी सुधार र नीतिगत स्पष्टताका लागि थप कामहरु गर्दै लगिनेछ", उहाँले भन्नुभयो ।

सन् २०२६ सम्ममा अति कम विकसित मुलुकबाट स्तरोन्नत हुने लक्ष्य रहेको तथा त्यसका लागि सङ्क्रमणकालीन रणनीति विकास गरिसकेको जानकारी दिँदै अर्थमन्त्री पौडेलले विकासोन्मुख मुलुकमा देश उक्लिएपछि अवसरहरूको उपयोग गर्न र थप लगानी आकर्षित गर्न देशले चाँडै नै सार्वभौम साख मूल्याङ्कन 'सोभरेन क्रेडिट रेटिङ' गर्न लागेको बताउनुभयो । सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा सुधार ल्याउन नीतिगत प्रयास थालिएको उहाँले उल्लेख गर्नुभयो । मौजुदा कर व्यवस्थालाई थप प्रगतिशील बनाउने, करका आधारहरू सुदृढ र विस्तार गर्ने, राजस्व प्रणलीलाई विद्युतीकरण गरी विनियोजन र खर्च क्षमता बढाउनेलगायतका काम सरकारले गरिरहेको उहाँको भनाइ छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको अवस्था निकै कमजोर रहेको बताउनुभयो । "प्रत्यक्ष वैदेशिक लगानी हाम्रो कूल गार्हस्थ्य उत्पादनको शून्य दशमलव दुई प्रतिशत मात्रै छ । हाम्रो जस्तो देशका लागि यो एकदमै न्यून सङ्ख्या हो । वैदेशिक अनुदान पनि लक्ष्यअनुसार आएको छैन", उहाँले भन्नुभयो, "यो अवस्थाले ऋणमा निर्भरता बढाएको छ । सार्वजनिक ऋण पछिल्लो नौ वर्षमा दोब्बर भएको छ । ऋणमा बढ्दो निर्भरता दीर्घकालीन रूपमा दिगो हुँदैन र यसले हाम्रो आर्थिक स्थायित्वमा ठूलो जोखिम खडा गर्छ ।" हाम्रो देश अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा ऋणमा बढ्दो निर्भरताले अरु चुनौती थप्ने उहाँले बताउनुभयो ।रासस

# दमौली अस्पताललाई ५० शय्यामा स्तरवृद्धिको प्रक्रिया अघि बढाउने छु: स्वास्थ्यमन्त्री पौडेल



दमौली । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले प्रदेशबाट जग्गा प्राप्तिका लागि स्वीकृति आउना साथ दमौली अस्पताललाई ५० शयूयामा स्तरवृद्धिको प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

दमौली अस्पतालको स्तरोन्नतिका लागि आग्रह गर्न मन्त्रालय पुगेको दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेसहितको टोलीसँग मंगलबार मन्त्री पौडेलले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

गत साता अस्पतालको निरीक्षण गरिसक्नुभएका मन्त्री पौडेलले कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पतालका नाममा रहेको साढे तीन रोपनी जग्गा अस्पताललाई उपभोग गर्न दिन प्रदेशबाट स्वीकृति पाए लगत्तै मन्त्रिपरिषद्मा प्रस्ताव लगेर जग्गा व्यवस्थापनका लागि पहल गर्ने बताउनुभयो । "दमौली अस्पतालको क्षमता विस्तार नहुँदा परेको समस्याबारे म जानकार छु । प्रदेशबाट स्वीकृति आउना साथ विस्तारको काम अघि बढ्नेछ", उहाँले भन्नुभयो । मन्त्री पौडेललाई अस्पतालको क्षमता विस्तार गरेर ५० शयूयामा स्तरवृद्धि गर्ने काममा सहयोगका लागि समितिका अध्यक्ष वाग्ले र संविधानसभा सदस्य रामचन्द्र पोखरेलले आग्रह गर्नुभएको थियो ।

दमौली अस्पताल व्यवस्थापन समितिले केही दिन अगाडि मात्रै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज

> **यो अस्पताल विसं २०३४ मा स्वास्थ्य चौकीको रुपमा स्थापना भई विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्र र विसं २०५९ मा अस्पतालमा स्तरोन्नति भएको थियो ।**

पाण्डेलाई भेटेर अस्पतालको स्तरोन्नति प्रक्रिया अगाडि बढाउन ध्यानाकर्षण गराइएकाबारे जानकारी गराएको अध्यक्ष वाग्लेले बताउनुभयो । उहाँले भन्नुभयो, "अस्पताल स्तरोन्नति गर्न अति आवश्यक भइसकेको छ । यसबारेमा मन्त्री पनि सकारात्मक हुनुहुन्छ ।"

पन्ध्र शयूया क्षमताको स्वीकृति भए पनि अस्पतालले हाल ५४ शयूयामा सेवा दिइरहेको छ । अस्पतालसँग हाल १५ रोपनी जग्गा रहे पनि कृषि ज्ञान केन्द्रको दुई रोपनी र भेटेरीनरी अस्पतालको डेढ रोपनी जग्गा अस्पतालका नाममा प्राप्त भएमा विस्तार गर्न सकिने प्राविधिक समितिले प्रतिवेदन दिएको छ ।

अस्पतालले गत वर्ष ९८ हजार तीन सय ५६ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको छ । अस्पतालका प्रमुख डा परिवर्तन बरालले प्रत्येक वर्ष बिरामीको सङ्ख्या बढ्दो अवस्थामा रहेकाले अस्पताललाई ५० देखि एकसय शय्यामा विस्तार गर्नुपर्ने आवश्यकता भइसकेको बताउनुभयो । यस्तै, अस्पतालमा सर्पदंश उपचार केन्द्र, रक्तसञ्चार केन्द्रको क्षमता वृद्धि, फोहरमैला व्यवस्थापन, डायलासिस सेवाको क्षमता वृद्धिका साथै अस्पताललाई ट्रमा सेण्टरको रूपमा विकास गर्नुपर्ने आवश्यकता खड्किएको उहाँको भनाइ छ । यो अस्पताल विसं २०३४ मा स्वास्थ्य चौकीको रूपमा स्थापना भई विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्र र विसं २०५९ मा अस्पतालमा स्तरोन्नति भएको थियो ।रासस

# 'सङ्घीयताविना जनताको अधिकार सुनिश्चित हुँदैन'



कर्णाली । कर्णाली प्रदेशका प्रमुख यज्ञराज जोशीले सङ्घीयताविना जनताको अधिकार सुनिश्चित हुन नसक्ने बताउनुभएको छ ।

'नवौं कर्णाली प्रदेश स्थापना तथा सहिद दिवस-२०८१' को अवसरमा आज सुर्खेत वीरेन्द्रनगरमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख जोशीले जनताको सङ्घर्ष र बलिदानबाट मुलुकमा संविधान र सङ्घीयता आएको बताउनुभयो । उहाँले भन्नुभयो, "कर्णाली अधिक साधन स्रोतले भरि पूर्ण प्रदेश हो । यसको भरपूर उपयोग हुन जरुरी छ । भाषा, संस्कृति र सभ्यताको उद्गमस्थल कर्णालीको विकासमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका खेल्नुपर्छ ।"

ताल तलैया, हिमश्रृंखला, हरिया जङ्गल, महँगा जडीबुटी यार्सा, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक रूपले सम्पन्न कर्णालीलाई गरिबी, अशिक्षा, भोकमरी र अभावको गलत भाष्य दिएर चिनाउनु दुःखद् भएको उहाँको भनाइ थियो । कृषि, प्राकृतिक, सांस्कृतिक र साहसिक पर्यटनमार्फत कर्णालीको आर्थिक समृद्धि गर्न सकिने उहाँको विश्वास छ ।

प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले राजकीय जस्तो नभई जनताको प्रत्यक्ष सहभागितामा प्रदेश स्थापना तथा सहिद दिवस मनाउन सक्ने अवस्था सिर्जना भए सङ्घीयताको अनुभूति हुने जनाउनुभयो । "एक/दुईको जना होइन, हजारौं जनताको अथक प्रयासबाट कर्णाली कान्छो प्रदेशका रुपमा स्थापित भएको हो," उहाँले भन्नुभयो, "जुम्लाका हरिबहादुर कुँवर, सुर्खेतका यामबहादुर बिसी, टीकाराम गौतम र गोपालसिंह रजवारको बलिदानीपूर्ण योगदानलाई इतिहासले कालान्तरसम्म स्मरण गरिरहने छ ।"

मुख्यमन्त्री कँडेलले चार सहिदका परिवारका एक/एक जना सदस्यलाई रोजागर दिनेगरी प्रदेश सरकारले निर्णय गरेको बताउनुभयो । सबै क्षेत्रमा सुशासन कायम, नागरिकलाई शान्ति, सुरक्षा र अधिकारको उपयोग एवं सुरक्षित गराउनसकिएसहिदको सपना पूरा हुने र जनताको सङ्घर्ष र आन्दोलनले सार्थकता पाउने मुख्यमन्त्री कँडेलको भनाइ थियो ।सीमाङ्कनको विषयलाई लिएर विसं २०७२ साउन २३ गतेदेखि भदौ ४ गतेसम्म भएको कर्णाली आन्दोलनमा जुम्लाका हरिबहादुर कुँवर, सुर्खेतका यामबहादुर बिसी, टीकाराम गौतम र गोपालसिं रजवारको निधन भएको थियो ।

सहिद तथा प्रदेश स्थापना दिवसको अवसरमा मुख्यमन्त्री कँडेलसहित मन्त्रीहरूले सोमबार प्रादेशिक सहिद पार्कमा पुगेर सहिदको फोटोमा माल्यार्पण गर्नुभएको थियो । सहिद तथा प्रदेश स्थापनाको खुसियालीमा कर्णालीमा दीपावली पनि गरिएको छ ।

आजकै कार्यक्रममा कर्णालीलाई कार्य क्षेत्र बनाएर पत्रकारिता गर्दै आएका जाजरकोट स्थायी निवासी अन्नपूर्ण पोष्टमा कार्यरत पत्रकार राजेन्द्र कार्की, अनलाइन खबरकर्मी यज्ञबहादुर खत्री र कालीकोट निवासी तुलराम पाण्डेलाई जनही रु ५० हजारका दरले प्रदेश सरकारले नगद पुरस्कार प्रदान गरेको छ ।

कर्णाली प्रदेश अस्पताल सुर्खेतका निर्देशक प्रा डा डम्बर खड्कालाई सर्वोत्कृष्ट र अन्य १० कर्मचारीलाई उत्कृष्ट पुरस्कारबाट प्रदेश सरकारले सम्मान गरेको छ ।

समारोहमा नेपाली कांग्रेस प्रदेशसभा दलका प्रमुख सचेतक हिक्मत विष्ट, नेकपा (माओवादी केन्द्र)का प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री कृष्णबहादुर जिसी, वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकाल र कर्णाली प्रदेश सरकारका प्रमुख सचिव चुँडामणि पौडेललगायतले सहिदको सपना पूरा गर्नका लागि जनस्तरमै जागरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो । स्थापना दिवसको अवसरमा सांस्कृतिक नृत्यका साथै र्‍याली प्रदर्शनका थियो ।रासस

# कर्णालीका सबै जोखिमयुक्त घरहरुको बीमा गर्दैछौं: मुख्यमन्त्री कँडेल



कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कर्णाली प्रदेशका सबै जोखिमयुक्त घरहरुको बीमा गर्ने तयारीमा प्रदेश सरकार रहेको बताउनुभएको छ ।

किर्डाक नेपालको समन्वय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा 'प्रकोप प्रतिरोधमा पुनर्विचार तथा मानवीय सहायता, प्रतिरोधी प्रणालीदेखि पूर्वाधार' भन्ने मूल नाराका साथ सुर्खेतमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/०८२ मा घर बीमामा बजेट छुट्याएको उहाँले बताउनुभएको हो । प्रदेश सरकारले यसका लागि रु.चार करोड ५० लाख बजेट विनियोजन गरेको छ, उहाँले भन्नुभयो ।

"राष्ट्रियस्तरको यो बहसमा सङ्घ, प्रदेश र स्थानीय सबै तहका सरकार तथा साझेदार निकायहरु छौं," मुख्यमन्त्री कँडेलले भन्नुभयो, "विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य सम्बन्धी यसले जारी गर्ने घोषणापत्र कर्णाली सरकारले सम्बोधन गर्ने होस् ।"

उहाँले प्रदेश सरकारले गत वर्षको जाजरकोट भुकम्पमा जीवन गुमाउने मृतकका परिवारलाई रु.दुई लाखका दर विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा रकम दिइएको बताउनुभयो । चालु आर्थिक वर्षमा विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमाका लागि प्रदेश सरकारले रु.एक करोड ७५ लाख बजेट छुट्याएको छ ।

खाद्य तथा कृषि सङ्गठनका नेपाल-भुटानका देशीय प्रतिनिधि केन सिमिजुले विपद जोखिमको बेला सक्दो मानवीय सहायता प्रदान गरिआएको बताउनुभयो । उहाँले विपद् जोखिम प्रतिकार्यमा सबै सरोकारवाला एक भएर जानुपर्ने सुझाउनुभयो । उक्त बहसमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव कालीप्रसाद पराजुली समेतले विपद् जोखिम बढ्दो रुपमा देखिन थालेकामा चिन्ता व्यक्त गर्नुभयो ।रासस

# 'उपभोक्ता ठग्नेलाई कडा कारबाही'

लेखनाथ । गृह सचिव एकनारायण अर्यालले उपभोक्ता अधिकार संरक्षणमा क्षतिपूर्तिसहित अधिकारको व्यवस्था भएकाले सेवा र वस्तुमा उपभोक्तालाई ठग्ने काम नगर्न आग्रह गर्नुभएको छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा उपभोक्ता अधिकार संरक्षणका लागि उजुरी, गुनासो र सुझावका लागि सञ्चालनमा ल्याइएको 'क्यूआर कोड' सहितको अनलाइन सेवाको आज उद्घाटन गर्दै अर्यालले उपभोक्ता ठग्नेलाई कारबाही गर्ने बताउनुभयो । चाडपर्व सुरु भएसँगै खाद्य सामग्री र सार्वजनिक यातायातमा चर्को भाडा लिने काम हुँदै आएकाले यसलाई नियन्त्रण गर्न र त्यस्ता व्यक्ति वा संस्थालाई कडा कारबाही गर्न प्रशासनले जोड दिनुपर्ने उहाँको भनाइ छ ।

अझैपनि राजमार्गका होटलमा खानाको गुणस्तर नहुने र चर्को मूल्य लिने काम भइरहेकाले प्रशासनको ध्यान त्यसतर्फ जानुपर्ने उहाँले बताउनुभयो । नेपालमै पहिलो पटक जिल्ला प्रशासन कास्कीले सञ्चालनमा ल्याएको यस्तो सेवाले निरन्तरता पाउनुपर्ने बताउँदै अन्य जिल्लामा पनि सेवा विस्तार गर्न उहाँको सुझाव छ । उपभोक्ता संरक्षण अधिकारलाई प्रभावकारी बनाउन सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले सहयोग गर्न सञ्चारकर्मीहरुलाई आग्रह गर्नुभयो ।

अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारीले दुर्गम गाउँका उपभोक्ता बढी मात्रामा ठगिने गरेकाले गाउँ तहसम्म उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । जिल्ला प्रशासन कास्कीबाट सुरु भएको सेवाले निरन्तरता पाउनुको साथै यसको प्रभावकारिता गाउँगाउँसम्म पुग्नुपर्नेमा उहाँको जोड थियो ।

उपभोक्ता हित संरक्षण मञ्च कास्कीका अध्यक्ष राजेन्द्र लिगलले उपभोक्ता हित संरक्षण ऐन प्रभावकारी बन्न नसक्दा र अनुगमन प्रणाली प्रभवकारी नहुँदा बजारमा गुणस्तरहीन वस्तु र मूल्य नियन्त्रण हुन नसकेको धारणा राख्नुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले 'क्यूआर कोड'लाई निरन्तरता दिँदै पर्यटकीय राजधानी पोखरामा पर्यटक ठगिएका गुनासा आएकाले ठगी गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याएर कारबाही गर्ने प्रतिबद्धता जनाउनुभयो ।रासस

# मैले सकेसम्म राम्रो गरेँ : बाइडेन

## भारतका प्रधानमन्त्री मोदी र उहाँका मलेसियाली समकक्षी इब्राहिमबीच भेटवार्ता



एएफपी

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँका मलेसियाली समकक्षी अनवर इब्राहिमबीच मङ्गलबार भेटवार्ता भएको छ ।

हैदरावाद हाउसमा भएको भेटका क्रममा भारत र मलेसियाबीच साझेदारीका विभिन्न क्षेत्रमा संलग्नतालाई अझ प्रगाढ बनाउन दुई नेताबीच छलफल भएको बताइएको छ ।"साझेदारी रूपान्तरणका लागि प्रधानमन्त्री नरेन्द्र मोदीले उहाँका मलेसियाली समकक्षी अनवर इब्राहिमलाई हैदरावाद हाउसमा न्यानो स्वागत गर्नुभयो," विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले एक्समा लेख्नुभएको छ ।

उहाँले अगाडि लेख्नुभएको छ, "विभिन्न क्षेत्रमा साझेदारीका संलग्नतालाई अझ प्रगाढ बनाउन र सहकार्यका नयाँ क्षेत्रहरूको खोजी गर्न छलफल अगाडि बढेको छ ।"यसअघि राष्ट्रपति भवनमा प्रधानमन्त्री मोदीले अनवर इब्राहिमलाई औपचारिकरूपमा स्वागत गर्नुभएको थियो । मलेसियाली प्रधानमन्त्रीका रूपमा पहिलो पटक भारत भ्रमणमा आएका इब्राहिम आजै राजधानी नयाँदिल्ली आइपुग्नुभएको हो ।

इब्राहिमले राजघाटमा राखिएको आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेपछि पत्रकारसँग बोल्दै भन्नुभयो, "मलेसिया र भारतबीचको सम्बन्ध लामो समयदेखि दुवै मित्र राष्ट्र र त्यहाँका जनताका लागि लाभदायक रहँदै आएको छ ।" उहाँले भन्नुभयो, "निश्चित रूपमा, हाम्रो छलफलले दुई देशहरूबीचको घनिष्ठ सहयोगको पक्षलाई जोड दिनेछ साथै यस मैत्रीपूर्ण सम्बन्धलाई बलियो बनाउन सक्ने अन्य क्षेत्रहरूको खोजी गर्नेछ ।"

मलेसियाका प्रधानमन्त्री इब्राहिमले थप्नुभयो, "भारत र मलेसियाबीच ऐतिहासिक र सामाजिक-सांस्कृतिक सम्बन्ध प्रगाढ छ । भारतको नयाँदिल्लीस्थित राष्ट्रपति भवन, त्यहाँ आयोजित औपचारिक स्वागत समारोहबाट मलाई सम्मानित गरिएको छ ।" सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणका क्रममा द्विपक्षीय सम्बन्धलाई उन्नत रणनीतिक साझेदारीको तहमा पुर्‍याइएको उहाँले स्मरण गर्नुभयो ।



एएफपी

सिकागो । अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमबार सिकागोमा भएको पार्टीको अधिवेशनमा आफ्नो बलभुताले भ्याएसम्म देशका लागि सबै थोक दिएको भन्दै डेमोक्र्याटिक उम्मेदवार कमला ह्यारिसलाई पार्टीको जिम्मेवारी हस्तान्तरण गर्नुभएको छ ।

बिदाइको क्षणमा उहाँले उपराष्ट्रपति ह्यारिसलाई अँगालो राख्दै नोभेम्बरमा हुन लागेको निर्वाचनका लागि शुभेक्षा प्रकट गर्नुभएको थियो । "अमेरिका, अमेरिका, मैले तिम्रा लागि सक्दो योगदान गरेँ", ८१ वर्षीय बाइडेनले करिब एक घण्टा लामो सम्बोधनका क्रममा देशभक्तिपूर्ण एक कवितांश उद्धृत गर्दै भन्नुभयो । उहाँले नोभेम्बरमा डोनाल्ड ट्रम्पविरुद्ध उपराष्ट्रपतिलाई व्यापक समर्थन गर्न मतदातासँग आग्रह पनि गर्नुभयो । सन् २०२४ को ह्वाइट हाउसको दौडबाट बाहिरिने बाइडेनको आश्चर्यजनक निर्णयलाई सम्मेलनमा भेला भएका शुभचिन्तकको भीडले बाइडेनलाई तालीको गडगडाहतसहित भब्य स्वागत गरेको थियो ।

बाइडेनले डोनाल्ड ट्रम्पलाई सङ्केत गर्दै 'आफूलाई पद छोड्ने कुराले कुनै समस्या नपारेको' बताउनुभएको थियो । सन् २०२० मा भएको अमेरिकी राष्ट्रपतीय निर्वाचनमा तत्कालिन राष्ट्रपति ट्रम्पले निर्वाचनमा धाँधली भएको भन्दै पदबाट जाने समयमा देखाएको व्यवहारलाई लिएर कतिपय अमेरिकी रिपब्लिकन पार्टीका नेताहरू पनि खुशी थिएनन् ।

बाइडेनको कमजोर प्रस्तुतीका कारण डेमोक्र्याटिक पार्टीको निर्वाचनप्रति चिन्ता व्यक्त गरेका डेमोक्र्याटहरूको चासोलाई सम्बोधन गर्न र पार्टीलाई पुनः सक्रिय पार्न ह्यारिस सफल हुनुभएको छ । पाँच दशकलामो राजनीतिक जीवनको आसन्न अन्त्यबारे सोचिरहेका बेला उहाँले ट्रम्प प्रशासन ओभल अफिसमा नफर्कियोस् भनेर आफूले जे सोचेका थिए, त्यही गरेको बताउनुभयो ।

"मलाई राजनीति मन पर्छ तर म मेरो देशलाई बढी माया गर्छु," बाइडेनले राष्ट्रपतीय उम्मेदवारबाट गरेको त्याग अमेरिकाको हितका लागि भएको जोड दिँदै भन्नुभयो । उहाँले राजिनामा माग्ने डेमोक्र्याट्सको भावनालाई सम्बोधन गर्दै भन्नुभयो, "म मेरो पार्टी र देशको चिन्ता गर्ने र नेतृत्व गलत व्यक्तिमा नजाओस भन्ने सबैप्रति रिसाउने होइन आभारी हुनुपर्छ भन्नुभएको थियो ।

प्रथम महिला जिल बाइडेन र छोरी एश्लेको परिचयपछि बाइडेन र ह्यारिस मञ्चमा प्रवेश गर्दा आउँदा चार मिनेटको लामो तालीको गडगडाहटले स्वागत गरिएको थियो भने प्रतिक्रियामा बाइडेन र ह्यारिस दुवैले आँसु पुछेका थिए ।'हायर लभ' बोलको गीतमा स्टेजबाट बाहिरिनुअघि बाइडेनले बिदाइ भाषण गर्दा दर्शक दिर्घामा रहेका धेरै जनाको गहभरी आँशु भरिएको देखिन्थ्यो । ह्यारिसले यसअघि डेमोक्र्याटिक पार्टीका उम्मेदवारहरू अधिवेशनको अन्तिम दिनसम्म नबोल्ने भन्दै आफ्ना अग्रज नेताप्रति सम्मानभाव व्यक्त गर्नुभएको थियो ।

"म हाम्रा स्वविवेकी राष्ट्रपति जो बाइडेनलाई पार्टी नेताको रूपमा भब्य कार्यक्रमसाथ विदाई गरेर अभियानको थालनी गरेको घोषणा गर्दछु ।" "हामी तपाईंप्रति सधैं आभारी छौं," उहाँले भन्नुभयो ।यो निःसन्देह बाइडेनको लागि एक कठिन विदाइ थियो तर उहाँले ह्यारिसको अभियानको लागि 'सर्वश्रेष्ठ स्वयंसेवक' हुने प्रण गर्दै आफ्नो विरासतले अमेरिकामा सुशासन कायम राख्नेमा विश्वास व्यक्त गर्नुभयो । बाइडेनले ट्रम्पको कार्यकाल र जनवरी ६, २०२१ को क्यापिटोल दङ्गापछि ' अमेरिकाको आत्मा' लाई निको पार्ने कार्य, अर्थतन्त्र र स्वास्थ्य सेवालगायत आफ्नो गौरवपूर्ण उपलब्धीको सूची प्रस्तुत गर्नुभएको थियो ।

आफ्नो कम लोकप्रियता रेटिङ र ट्रम्पविरुद्धको बहसको पराजयका बावजुद बाइडेनले आफूले आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनुभएको छ ।राष्ट्रपति बाइडेनले भन्नुभयो, "मैले आफ्नो करियरमा धेरै गल्ती गरेको हुनसक्छु तर मैले तपाईंहरूलाई आफ्नो सर्वश्रेष्ठ सेवा दिएको छु ।" कार्यक्रममा सन् २०१६ मा अमेरिकाको पहिलो महिला राष्ट्रपति बन्ने होडमा ट्रम्पसँग पराजित भएकी हिलारी क्लिन्टनले ह्यारिसलाई 'सिसाको छानो तोड्न समर्थन गरेको' बताउनुभएको थियो ।

"अमेरिकामा केही भइरहेको छ, तपाईं यसलाई महसुस गर्न सक्नुहुन्छ, यो कुराका लागि हामीले लामो समयदेखि काम गरेका छौं र सपना देखेका छौं," पूर्व विदेशमन्त्री तथा प्रथम महिलाले क्लिन्टनले अमेरिकामा महिला नेतृत्वलाई सफल बनाउन आफ्नो दल लागेको सङ्केत गर्दै भन्नुभयो । यसअघि गाजामा इजरायलको युद्धको विरोधमा भएको प्रदर्शनले सम्मेलनको उद्घाटनलाई छायाँमा पारेको थियो । यसले वामपन्थी र अरब अमेरिकीहरूबीच डेमोक्र्याटहरूका लागि सम्भावित मत बाट्ने कुरालाई जोड दिएको थियो ।

हजारौं मानिसहरूको ठूलो विरोध प्रदर्शनबाट अलग भएपछि प्रदर्शनकारीहरूको एक समूहले अधिवेशनको बाहिरी सुरक्षा घेरा तोडेको थियो ।निलो हेल्मेट, ढाल र कालो डण्डा बोकेका प्रहरीले उनीहरूलाई भित्री घेरामा जानबाट रोकेका थिए ।यसैबीच, डेमोक्र्याटिक पार्टीको शीर्ष स्थानमा अचानक भएको परिवर्तनका कारण ट्रम्प विवादमा तानिएका छन् ।डेमोक्र्याटहरू शिकागोमा रहँदा रिपब्लिकनहरूले एक हप्ता लामो देश दौडाहा गरिरहेका छन् ।

## बाढीका कारण हजारौं बालबालिका विद्यालय जानबाट वञ्चित

एएफपी

हनोइ । उत्तरी भियतनाममा बाढी र पहिरोले घर र बाली नष्ट गरी यस क्षेत्रलाई अन्य समुदायसँग अलग्गाएपछि हजारौं बालबालिकाहरू बिद्यालयको पहुँचभन्दा टाढा हुन बाध्य भएको एक परोपकारी संस्थाले मङ्गलबार जनाएको छ ।जुलाईको सुरुदेखि नै परेको भारी वर्षाले र उत्तरपश्चिमका पहाडी क्षेत्रहरू धेरै प्रभावित भएको जनाइएको छ । बर्षाका कारण लगभग २९ हजार घरहरू क्षतिग्रस्त हुनुका साथै ९० हजार हेक्टर बाली नष्ट भएको भियतनामको सामान्य तथ्याङ्क कार्यालयले जनाएको छ ।

सेभ द चिल्ड्रेनका अनुसार सोन ला प्रान्तमा करिब १.३ मिलियन मानिस प्रभावित भएका छन्, भने बाढीले ग्रामीण इलाकामा पुल र सडकहरू क्षतिग्रस्त भएको जनाएको छ । भियतनामका विपद् अधिकारीहरूका अनुसार यस क्षेत्रमा बर्षाका कारण ११ जनाको मृत्यु हुनुका साथै करीव दुई हजार ६७० घर तथा २९ वटा विद्यालय भवनहरू क्षतिग्रस्त भएका छन् ।सेभ द चिल्ड्रेनले सेप्टेम्बरमा विद्यालय फर्किन चार हजार ५०० बालबालिकाले सुरक्षा चुनौति सामना गर्नुपर्ने जनाएको छ ।

परोपकारी संस्थाका अनुसार सोन ला प्रान्तको एक विद्यालयका प्रिन्सिपल हा कङ मिन्हले विद्यालय जाने बाटो तथा पुलहरु बर्षाका कारण क्षति ग्रस्त भएकाले बालबालिका विद्यालय जानका लागि असहज भएको उल्लेख गर्नुभएको छ ।बाढीका कारण वर्षको पहिलो सात महिनामा करिब आठ करोड ५० लाख डलरको क्षति भएको भियतनामको तथ्याङ्क कार्यालयले जनाएको छ ।

# गाजा युद्धविरामका लागि प्रयास जारी

एएफपी

तेलअभिभ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन गाजा युद्धविरामका लागि वार्ताका लागि मङ्गलबार इजिप्टतर्फ प्रस्थान गर्नुभएको छ ।

सोमबार जेरुसेलममा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूसँग भेट गरेका ब्लिन्केन त्यसपछि कतार जानुहुनेछ । कतारले इजिप्टसँग मिलेर १० महिना लामो गाजा द्वन्द्वमा युद्धविरामका लागि वार्ताको मध्यस्थता गरिरहेको छ ।इजरायली किबुट्ज समुदायले गाजामा बन्धक बनाइएका ७९ वर्षीय अब्राहम मुन्दरको मृत्यु भएको घोषणा गरेसँगै उहाँ तेल अभिभबाट इजिप्ततर्फ जानुभएको हो ।

मुन्दरले महिनौंसम्म शारीरिक र मानसिक यातना भोगेको दावी गर्दै किब्बुट्ज समुदायले उहाँको मृत्युलाई 'हत्या' को संज्ञा दिएको छ । उहाँको अपहरणमा सम्लग्न हमासले तत्काल कुनै प्रतिक्रिया दिएको छैन । सन् १९४२ मा दोस्रो विश्वयुद्धका लागि प्रसिद्ध भूमध्यसागरीय शहर एल अलामिनमा इजिप्टका राष्ट्रपति अब्देल फतह अल-सिसीसँग उहाँको ग्रीष्मकालीन दरबार रहेको सन् १९४२ मा दोस्रो विश्वयुद्धका लागि प्रसिद्ध भूमध्यसागरीय शहर एल अलामिनमा कुराकानी गर्न अमेरिकी उच्च कूटनीतिज्ञ इजिप्ट जानुभएको हो ।

अल-सिसीसँगको भेटपछि उहाँ कतारका अमिर शेख तमिम बिन हमाद अल थानीसँग दोहामा भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ । दोहा वार्तामा संयुक्त राज्य अमेरिकाले इजरायल र हमासबीचको खाडल कम गर्न राष्ट्रपति जो बाइडनले मे ३१ मा तयार पारेको युद्धविरामको खाकामा हस्ताक्षर गर्न प्रस्ताव प्रस्तुत गरेको थियो ।

ब्लिन्केनले इजरायलले अमेरिकी प्रस्ताव स्वीकार गरेको र अमेरिकासँग प्रत्यक्ष सम्बन्ध नराख्ने हमासको प्रतिक्रिया बुझ्न इजिप्ट र कतारसँग कुरा गर्ने बताउनुभएको छ । ब्लिन्केनले सोमबार तेल अभिभमा भन्नुभयो, "यस क्षेत्रको शान्तिका लागि जतिसक्दो छिटो वार्ता हुनु र सम्झौता हुनु आवश्यक छ ।" "संयुक्त राज्य अमेरिका यस कामका लागि गम्भीर र प्रतिवद्ध रहेको छ," उहाँले भन्नुभयो । ब्लिन्केनले सोमबार युद्धविराम प्रस्ताव 'अन्तिम मौका' हुन सक्ने बताउनुभएको थियो ।

उहाँले हमासले पछिल्लो प्रस्तावमा गरिएको संशोधनलाई सार्वजनिक रूपमा अस्वीकार गरेको र इजरायल यसै हप्ताको अन्त्यमा कायरोमा हुने बताएको नयाँ वार्तामा एक प्रतिनिधिमण्डल पठाउन तयार रहेको बताउनुभएको छ ।यद्यपि, हालैका वार्तामा इजरायलले हमासबाट कब्जा गरेको इजिप्टसँगको गाजा सीमा नियन्त्रणमा जोड दिनेलगायत नयाँ शर्तहरू उठाएको रिपोर्टहरू आएका छन् । हमासले इजरायलले एकपछि



अर्को शर्त थप्दै गएको भन्दै यसरी वार्ता अघि बढ्न नसक्ने बताएको छ ।

**गाजाबाट छ जना बन्धकको शव बरामद**

इजरायली सेनाले आन्तरिक सुरक्षा निकाय शिन बेटसँगको संयुक्त कारबाहीमा गाजाको दक्षिणी क्षेत्र खान युनूसबाट छ जना बन्धकको शव बरामद गरिएको मङ्गलबार जनाएको छ ।

> बन्धक बनाइएका २५१ जनामध्ये १०५ जना अझै पनि गाजामा बन्धक अवस्थामा रहेको र ती मध्येका ३४ जनाको मृत्यु भएको सेनाले जनाएको छ ।इजरायलको जवाफी अभियानले गाजामा ४० हजारभन्दा बढी प्यालेस्टिनीहरुको ज्यान लिएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

बन्धकमध्ये यागेभ बुचस्टाब, अलेक्जान्डर डान्सिग, योराम मेट्जर, नादभ पोपलवेल, चेइम पेरी यसपहिले नै मृत घोषित भएका थिए भने अब्राहम मुन्डरलाई मङ्गलबार बिहान मृत घोषणा गरिएको थियो । गुप्तचर तथा फरेन्सिक परीक्षणपछि शव बन्धकहरूको परिवारलाई बुझाउने तयारी भएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ ।मृत बन्धकका शव बरामदपछि उनीहरूको अन्त्येष्टिका परिवारको पर्खाइको समय सकिएको ' होस्टेज एण्ड मिसिङ फेमिलीज फोरम'ले विज्ञप्तिमार्फत जनाएको छ ।

फोरमले इजरायली सरकारलाई बाँकी बन्धकलाई वार्ता र सम्झौतामार्फत् फिर्ताको सुनिश्चित गर्न आह्वान गरेको छ । यसै क्रममा इजरायली सरकारले मध्यस्थकर्ताहरूको सहयोगमा हालको सम्झौतालाई अन्तिम रूप दिन लागि पर्न समेत सुझाब दिएको छ ।

इजिप्ट, कतार अमेरिकालगायतका मध्यस्थकर्ताले इजरायल र हमासलाई इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीहरूको बदलामा बाँकी बन्धकहरूको रिहाइ सुरक्षित गर्न मद्दत गर्ने युद्धविराम सम्झौतामा सहमत हुन आग्रह गरेका छन् ।मङ्गलबार बरामद गरिएका छ वटा शवहरूमध्ये मेट्जर, पेरी र डान्सिग पनि गाजा नजिकैको समुदाय निर-ओजका थिए जुन आक्रमणबाट धेरै प्रभावित क्षेत्र हो ।

प्यालेस्टिनी इलमिक कट्टरपन्थी समूहले मुन्दर, उहाँकी श्रीमती, छोरी र नातिसमेतलाई अपहरण गरेका थिए ।परिवारका अन्य सदस्यहरू नोभेम्बरको एक हप्ता लामो युद्धविरामको क्रममा रिहा भएका थिएभने उनका छोरा आक्रमणकै दिन मारिएका थिए ।इजरायली आधिकारिक तथ्याङ्क अनुसार हमासको आक्रमणमा अधिकांस नागरिक सहित इजरायलमा एक हजार १९९ जनाको मृत्यु भएको थियो ।

त्यसैक्रममा बन्धक बनाइएका २५१ जनामध्ये १०५ जना अझै पनि गाजामा बन्धक अवस्थामा रहेको र ती मध्येका ३४ जनाको मृत्यु भएको सेनाले जनाएको छ ।इजरायलको जवाफी अभियानले गाजामा ४० हजारभन्दा बढी प्यालेस्टिनीहरूको ज्यान लिएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयले गाजा आक्रमणमा ज्यान गुमाउनेमा अधिकांश महिला तथा बालबालिका रहेको जनाएको छ ।

# पाकिस्तानमा वर्षाका कारण १९ जनाको मृत्यु

एएनआई

बलुचिस्तान । पाकिस्तानको बलुचिस्तानमा सोमबारको भारी बर्षाका कारण १९ जनाको मृत्यु भएको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) ले जनाएको छ ।

डन न्यूजका अनुसार मनसुनी वर्षाले मानविय तथा भौतिक क्षति पुर्‍याउँदा अन्य ११ जना घाइते भएका छन् भने तीन हजारभन्दा बढी व्यक्तिहरू प्रभावित भएका छन् ।राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अनुसार जुलाई-१ देखि अगस्ट-१७ सम्म वर्षाजन्य घटनामा १९५ जनाको मृत्यु हुनुका साथै ३६२ जना घाइते भएका छन् । यसैगरी, विपद्का कारण दुई हजार २९३ घरहरू क्षतिग्रस्त भएका छन् ।



पिडिएमएका अधिकारी युनस मेङ्गलले हालैको वर्षाले बलुचिस्तान प्रान्तका १६ जिल्लाहरू प्रभावित भएको तथा राहत कार्य जारी रहेको बताउनुभएको छ । बलुचिस्तानले जुलाई-१ देखि हालसम्म दुई गम्भीर मनसुन घटनाहरूको सामना गरेको डन न्यूजले जनाएको छ ।बर्षाजन्य प्रकोपको परिणामस्वरुप प्रान्तीय सरकारले कलात, जियारत, अवारन, कच्छी, लोरालाई, सोहबतपुर र लासबेलाका जिल्लाका धेरै युनियन तथा काउन्सिलमा आपतकाल घोषणा गरेको छ ।सबैभन्दा बढी कलातमा त्यसपछि उस्ता मुहम्मद र सबिबीमा वर्षा भएको रेकर्ड भएको छ ।

सोहबतपुरकी बलुच उपायुक्त फरिदा तरीनले जुडाइर नदीमा जल सतह बढेको बताउँदै यस क्षेत्रमा आएको बाढीले धान खेतमा क्षति पुगेको जानकारी दिनुभयो । बलुचिस्तानको राष्ट्रिय राजमार्ग प्राधिकरणका महाप्रबन्धक आगा इनायतुल्लाले उत्तरी बलुचिस्तानका सबै राष्ट्रिय राजमार्गहरू खुला रहेको र अधिकारी र ठेकेदारहरूले बाढीको क्षति मर्मत र सडक पहुँच कायम राख्न प्रयास गरिरहेको बताउनुभयो ।

हार्दिक श्रद्धाञ्जली



स्व. रामअशीष महतो

मुखियापट्टी मुसहरनियां गाउँपालिका-३, तुलसियाही जब्दी निवासी समाजसेवी **स्व. रामअशीष महतो ज्यू**को स्वर्गारोहणले अत्यन्त मर्माहत भएको छु ।

आज तेह्रौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना संगै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

असीम पिड़ाको घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

सुरेन्द्र प्रसाद चौधरी (मुन्ना)
तुलसियाही

# आलु उत्पादनमा ह्रास

बलेवा । बागलुङको वर्षे आलु उत्पादन अघिल्लो वर्षको तुलनामा पाँच प्रतिशतले घटेको छ ।

गत वर्षको कात्तिकदेखि वैशाखसम्मको खडेरीले वर्षे आलु उत्पादन पाँच प्रतिशत घटेको कृषि ज्ञान केन्द्र बागलुङका बागवानी विकास अधिकृत कुमार पुनले बताउनुभयो। विशेषगरी ताराखोला र ढोरपाटनमा लगाइएको आलुमा कमी आएको हो । बागलुङको ताराखोला र ढोरपाटनमा हिउँदमा लगाएर बर्खामा आलु खन्ने गरिन्छ । कात्तिकमा लगाएर फागुन-चैतमा खन्ने आलुमा भने खासै असर परेको छैन ।

ताराखोले आलुको स्वाद र तत्कालै नबिग्रने हुँदा धेरैको रोजाइमा पर्ने गरेको अधिकृत पुन बताउनुहुन्छ। गाउँपालिकाका कृषि शाखा प्रमुख सञ्जीव थापाका अनुसार आर्थिक वर्ष २०८०/८१ मा ताराखोलाभित्र तीन हजार दुई सय ९७ मेट्रिक टन आलु फलेको छ। कुल एक सय ८४ हेक्टरमा किसानले आलु लगाएको शाखाको तथ्याङ्क छ । रासायनिक मल प्रयोग नगरेकाले उपभोक्ताले पनि ताराखोलाको आलु भनेपछि खोजीखोजी खाने गरेका हुन् । खडेरीकै कारण उत्पादन भने कमी भएको थापाले बताउनुभयो ।

ताराखोला-२ अर्गलका किसान अमृत घर्तीले आलुलाई उपयुक्त वातावरण भएकाले मिठो भए पनि यस वर्ष उत्पादनमा समस्या आएको बताउनुभयो । विकासे आलु



प्रयोग नगर्ने, रासायनिक मल नहाल्ने र जैविक मल प्रयोग गर्दा आलुको स्वाद मिठो भएको घर्तीको अनुभव छ। यसका कारण किसानले आलुको बजार खोज्नै नपरेको हो । तर खडेरीलगायत समस्यामा राज्यले साथ दिनुपर्ने उहाँले बताउनुभयो ।

घर्तीका छिमेकीले पनि आलु फलाएर जिप र ट्र्याक्टरमा बजार पठाउने गरेका छन् । बागलुङ बजारका ठूला र होलसेल व्यापारीले ताराखोलाको आलु भनेपछि गाडी पठाएर ल्याउने गर्छन् ।

कृषि ज्ञान केन्द्रले पनि ताराखोला, काठेखोला र ढोरपाटन क्षेत्र आलुका लागि विशेष क्षेत्र मानेर उत्पादनमा सहयोग गर्दै आएको छ । तर खडेरी, अतिवृष्टि र असिनाको क्षतिमा न्यूनीकरण गर्न नसकेको हो । "असिनाले क्षति भएमा केही राहत दिने कार्यक्रम भए पनि रोक्ने वा उत्पादन जस्ताको त्यस्तै बनाउने काम भने गर्न सकिएको छैन", पुन भन्नुहुन्छ, "व्यवस्थापन गर्न सके हालको उत्पादनबाट २० प्रतिशतसम्म आलु बढाउन सकिन्छ ।" केन्द्रको तथ्याङ्कमा पनि हरेक वर्ष बागलुङमा ४० हजार मेट्रिक टनसम्म आलु उत्पादन हुने गरेको छ ।

बागलुङमा हिउँदमा २३ हजार नौ सय मेट्रिक टन र बर्खामा ११ हजार छ सय ९४ मेट्रिक टन गरी ३५ हजार मेट्रिक टन आलु बजारमा आउने गरेको हो । त्यसबाहेक घरघरमा खाने र गाउँमै बिक्री हुने आलुको तथ्याङ्क छैन । यो वर्ष खडेरी धेरै परेको र वैशाखमा असिना पर्दा आलुमा समस्या आउँदा उत्पादन घटेकाले आयात बढ्ने निश्चित छ। जिल्लामा उत्पादित आलुले वर्षको नौ महिनासम्म थेग्ने गरे पनि तीन महिनाका लागि आयात गर्नुपर्छ । त्यसका लागि भण्डारण क्षमता बढाउनुपर्ने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रमुख नारायण पौडेलले बताउनुभयो ।रासस

# स्वास्थ्य बीमाबाट भरतपुर अस्पतालले पायो एक अर्ब ८९ करोड

चितवन । स्वास्थ्य बीमाको व्यवस्थापनमा अग्रणी रहेको भरतपुर अस्पतालले बीमा कार्यक्रम लागू भएयता रु एक अर्ब ८८ करोड ९६ लाख ७८ हजार एक सय ५८ प्राप्त गरेको छ। यो अवधिमा बिमितले १० लाख ३५ हजार एक सय १५ पटक सेवा पाएका छन् । सेवा दिएबापत अस्पतालले बीमा बोर्डबाट सो रकम प्राप्त गरेको हो । अस्पतालको स्वास्थ्य बीमा कार्यक्रमका इञ्चार्ज लीलाधर पौडेलका अनुसार विसं २०७४ भदौ १ गतेदेखि भरतपुर अस्पतालमा बीमा कार्यक्रम लागू भएको हो ।

पहिलो वर्ष ३२ हजार छ सय दुई पटक सेवा दिइएको थियो । त्यसवापत अस्पतालले बीमा बोर्डबाट रु एक करोड २८ लाख ९२ हजार दुई सय २० प्राप्त गरेको थियो। आर्थिक वर्ष २०७५/७६ मा एक लाख १२ हजार नौ सय ९१ पटक सेवा दिएबापत अस्पतालले रु १४ करोड ५७ लाख २८ हजार दुई सय २२ प्राप्त गरेको थियो । इञ्चार्ज पौडेलका अनुसार आव २०७६/७७ मा एक लाख १४ हजार आठ सय ५२ पटक सेवा दिएर रु २३ करोड ८८ लाख चार सय ५० प्राप्त गरेको थियो । आव २०७७/७८ मा कोभिडका कारण सेवा लिनेको सङ्ख्या घटेर ८५ हजार पाँच सय ३६ पटक मात्रै सेवा लिएका छन् । त्यसबापत अस्पतालले रु नौ करोड ७२ लाख ५२ हजार एक सय ८१ प्राप्त गरेको थियो ।

आव २०७८/८९ बाट बीमामार्फत उपचार गराउनेको सङ्ख्या पुनः बढेको छ । सो वर्ष एक लाख ७८ हजार पाँच सय ५३




पटक सेवा लिइएको थियो । त्यसबापत अस्पतालले रु ३० करोड ७९ लाख ७४ हजार पाँच सय १२ प्राप्त गरेको थियो। आव २०८९/८० मा दुई लाख ५० हजार छ सय १७ पटक सेवा दिएर अस्पतालले रु ५२ करोड ५३ लाख ३७ हजार पाँच सय १२ प्राप्त गरेको छ । गएको आवमा दुई लाख ६० हजार पटक सेवा दिएर अस्पतालले रु ५६ करोड १६ लाख ८८ हजार सात सय ५९ प्राप्त गरेको छ । अस्पतालले अझै रु १५ करोड हाराहारी दाबी गरेको रकम भुक्तानी पाउन बाँकी रहेको छ ।

अस्पतालमा आउने बिरामीमध्ये ७० प्रतिशतभन्दा बढी बीमाका हुने गर्दछन् । सोहीअनुरुप अस्पतालमा उठ्ने सेवा शुल्क पनि हुने गर्दछ । अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्राडा कृष्णप्रसाद पौडेलका अनुसार स्वास्थ्य बीमाको सेवा अस्पतालमा राम्रो भएकाले आकर्षण बढ्दो छ । करिब १८ भन्दाबढी जिल्लाका बीमाका बिरामी यहाँ उपचारका लागि आउने गर्दछन् ।चितवनसहित गोरखा, तनहुँ, नवलपरासी र मकवानपुरका कतिपय पालिकाका सेवाग्राहीले भरतपुर अस्पताललाई बीमाको प्रथम बिन्दु बनाएका छन् । नेपालमा विसं २०७२ चैत २५ गते कैलालीबाट स्वास्थ्य बीमा कार्यक्रम सुरु भएको हो । अहिले नेपालका ७७ जिल्लामा यो कार्यक्रम लागू छ ।

देशभरका चार सय ७६ स्वास्थ्य संस्थामा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहेको छ । प्रा डा पौडेलले स्वास्थ्य बीमा कार्यक्रम सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रम भएको जनाउँदै भरतपुर अस्पतालको मुख्य आम्दानीको स्रोत बीमा नै भएको बताउनुभयो । बीमा कार्यक्रमलाई अझै प्रभावकारी बनाउँदै लैजान अस्पताल प्रशासन लागेको उहाँको भनाइ छ । यद्यपि अहिले स्वास्थ्य बीमा कार्यक्रम लागू भएका अस्पतालमध्ये भरतपुर अस्पताल उत्कृष्ट रहेको जनाउँदै पौडेलले अस्वीकृत निकै न्यून रहेको जानकारी दिनुभयो ।रासस

# काँक्रोखेतीबाट मनग्य आम्दानी

इलाम । सूर्योदय नगरपालिका-१२ का रमेस गड्तौलाले यस वर्ष पाँच रोपनी जग्गामा काँक्रोखेती गर्नुभयो । "याम सकिनै लाग्यो। अन्तिम टिपाइ भइसक्यो, यसवर्ष राम्रैगरी काँक्रा बिक्री भए", उहाँले भन्नुभयो, "झापाको चारआली र बिर्तामोड पुर्याउँदा कम्तीमा प्रतिगोटा रु ३० देखि ९० सम्ममा बिक्री हुन्छ । वरपर अरू किसानबाट जम्मा गरेर पनि त्यहीँ मूल्य हामीले दियौँ ।"

काँक्रो लगाउँदा रु एक लाख ५० हजार खर्च भएको उहाँले बताउनुभयो । "रु छ-सात लाख आम्दानी भयो होला", उहाँले भन्नुभयो, "हाम्रो गाउँमा धेरै किसानले काँक्रो लगाएका थिए । प्रायः सबैजसो किसानले कम्तीमा चार-पाँच सय काँक्रो बिक्री गरेका छन् ।"

काँक्रोबाट आम्दानी राम्रो हुने भएकाले यो क्षेत्रका धेरै किसानले हरेक वर्ष खेती गर्ने गरेको किसान गड्तौलाले बताउनुभयो । सूर्योदय-१२ कै योगेन्द्र राई र सञ्जय राईले पनि काँक्रोखेती गर्नुभएको छ । "सुरुमा खडेरीले अलि सतायो, सिँचाइ कम भयो तर पनि दुई हजारजति काँक्रो फल्यो होला", उहाँले भन्नुभयो। अहिले सूर्योदयका वडावडामै कच्ची



भए पनि बाह्रै महिना सवारीका साधन सञ्चालन हुनसक्ने सडक भएकाले गाउँगाउँबाट किसानलाई तरकारी बिक्री गर्न धेरै सजिलो छ। उत्पादन भए पनि ढुवानी गर्न नसक्दा बारीमै कुहिने बाध्यता भने किसानलाई धेरै टरेको पाइन्छ।

अघिल्लोपटकको स्थानीय सरकारले नै नगरका १४ वटै वडामा 'एक वडा-एक सडक' को नीति लिएर थालेको कम्तीमा तीन किलोमिटर कालोपत्र सडक निर्माणको काम अहिले पनि भइरहेको छ । दोस्रो कार्यकालमा आएको नगर कार्यपालिकाले पनि अघिल्ला काम र योजनालाई निरन्तरता दिइरहेको छ। सबै वडाका सडकमा अहिले पनि नाली, ग्राभेल, पर्खाल र केही ठाउँमा कालोपत्रको काम भइरहेको छ।

अठार किलोमिटर कालोपत्रको काम भइसकेको सूर्योदय नगरपालिकाका आर्थिक समिति संयोजक देवेन्द्र शर्मा आचार्यले बताउनुभयो । यस्तै, अहिलेसम्ममा एक सय ३० किलोमिटर ग्राभेल सम्पन्न भएको संयोजक शर्माले जानकारी दिनुभयो। बाह्मासे सडकका लागि प्रत्येक वडाले बर्सेनि कम्तीमा रु ५० लाख बजेट विनियोजन गर्ने गरेका छन् । आवश्यकतानुसार वडाले रु एक करोडसम्म बजेट छुट्याउने र त्यसमा नगरपालिकाले पनि थप गर्दै गएको नगरप्रमुख रणबहादुर राईले बताउनुभयो ।

"कृषिजन्य उत्पादन गाउँमा छ, त्यसलाई बजारसम्म ढुवानी गर्न बाटो छैन, आफूले उत्पादन गरेको कृषि उपज कुहिएर नाश हुँदा सर्वसाधारणले आर्थिक क्षति व्यहोर्नुपरेको छ । अब विस्तारै गाउँमा सहज यातायातको पहुँच पुग्न थालेको छ", उहाँले भन्नुभयो, "यातायात र ढुवानी अभावमा अब सूर्योदयका किसानले उत्पादन गरेको कृषि उपज नोक्सान हुन पाउने छैन, किसानले सहज रूपमा बजारसम्म पुर्याउन सक्ने भएका छन्, यसमा हामीलाई गौरव छ।"

वर्षायाम सुरु भएपछि विगत वर्षमा सडक हिलाम्मे भएर यातायात सुविधा नहुँदा यहाँका किसानले उत्पादन गरेको गोलभैँडा, इस्कुस, अकबरे, काँक्रो, बन्दालगायत कृषि उत्पादन बारीमै कुहिने गरेको थियो। सूर्योदय-१२ का मलिम, आठघरे, याङ तरकारी उत्पादनका लागि राम्रा क्षेत्र हुन् । मलिममा अहिले गोलभैँडा राम्रो रहेको र आफैँले ढुवानी सेवा दिँदै आएको अर्का किसान राम राईले बताउनुभयो।

"मलिम पुछार, बिरिङखोला नजिकसम्मै गाडी जान्छ, असारेटार, लेप्चा गाउँदेखिका गोलभैँडा र अन्य तरकारी उठाउने गरेको छु", उहाँले भन्नुभयो, "यस वर्ष त कसैको तरकारी कुहिएन, सबै किसानले फलाएको तरकारी राम्ररी बिक्री गर्न पाएका छन् । हामीले यो तरकारी झापा पुर्याएर बिक्री गरेर आएर, पैसा दिने गरेका छौँ ।" यहाँका किसानले काँक्रो, गोलभैँडा, इस्कुस, अकबरे, फर्सी, बन्दा, काउली, इस्कुसका टुप्पा, फर्सीका टुप्पालगायत तरकारी उत्पादन गरेर बिक्री गर्ने गरेका छन् ।रासस

# मेची भन्सारको राजस्व वृद्धि

भद्रपुर । मेची भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो महिना साउनमा रु एक अर्ब २९ करोड पाँच लाख ३९ हजार राजस्व सङ्कलन गरेको छ । गत आव २०८०/८१ को सोही अवधिको तुलनामा यो १५ दशमलव ९३ प्रतिशतले बढी हो।

मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलका अनुसार गत आवको साउनमा रु एक अर्ब ११ करोड ३२ लाख ३१ हजार राजस्व सङ्कलन भएको थियो। "मेची भन्सारबाट आयात १४ दशमलव ५४ प्रतिशतले बढ्दा निर्यात भने ३३ दशमलव ९८ प्रतिशतले घटेको छ", उहाँले भन्नुभयो, "चालु आवको साउनमा रु तीन अर्ब ८९ करोड १० लाख ५८ हजार बराबरको मालबस्तु आयात हुँदा एक अर्ब ८० करोड ८२ लाख ९९ हजारको




निर्यात भएको छ।"

मेची भन्सार कार्यालयको तथ्याङ्क अनुसार चिया, प्लाइड, भेनियर सिट, मोलासिसको निर्यात क्रमश. ३८ दशमलव ०८, ४३ दशमलव ४९, पाँच सय तीन दशमलव ९७ र सत प्रतिशतले बढ्दा अलैँची ८३ दशमलव २८, अदुवा आठ दशमलव ८६, अम्रिसो २१ दशमलव ८८, छुर्पी ७८ दशमलव ७८ प्रतिशतले घटेको छ।

त्यसैगरी आयाततर्फ पेट्रोल चार दशमलव ५८, डिजेल ११ दशमलव ८८, फलफूल ३८ दशमलव ४७ प्रतिशतले कमी आउँदा जुट १३ दशमलव ४६, एलपि ग्याँस २७ दशमलव ३७, जिप्सम ६७ दशमलव ९५, मेसिनरी तथा पाटपुर्जा ९६ दशमलव ५८, दलहन ६८ दशमलव ४९ र तरकारी एक सय ७७ दशमलव ६३ प्रतिशतले आयात वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ ।रासस

# ठूलीगाड जलाधार क्षेत्रमा भेटिए लोपोन्मुख प्रजातिका माछा

गोदावरी। कैलाली र डोटीको सीमा भएर बग्ने ठूलीगाड जलाधार क्षेत्रमा विभिन्न प्रकारका माछाका प्रजाति पाइन थालेका छन् ।

बर्सात्का बेला ठूलीगाड जलाधार क्षेत्रमा पानीको सतह बढेसँगै विभिन्न प्रकारका माछाका प्रजाति पाइन थालेका हुन् । कैलाली र डोटीको सीमा भएर बग्ने ठूलीगाड कर्णाली नदीमा गएर मिसिन्छ। कर्णाली नदीमा जलस्तर बढेपछि ठूलीगाड जलाधार



क्षेत्रमा लोपोन्मुख प्रजातिका माछासँगै अन्य प्रजातिका माछा पाइन थालेको स्थानीय भक्तप्रसाद भण्डारीले बताउनुभयो।

उहाँका अनुसार ठूलीगाड क्षेत्रमा अहिले जाल खेलाउँदा आधा घण्टाभित्रै चार पाँच किलो माछा मार्न सकिन्छ। जालमा अहिले एक घण्टामा दुई किलोदेखि २० किलोसम्मका माछा पर्ने गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "हिउँदमा दिनभरि जाल खेलाउँदा पनि एक किलोग्रामसम्म पनि हुँदैन ।"पछिल्लो पटक लामो समयदेखि खडेरीका कारण नदीमा पानीको सतह कम हुन थालेपछि ठूलीगाड जलाधार क्षेत्रमा माछाका प्रजाति घट्दै जान थालेकामा वर्षात्को समयमा भने पानीको सतह बढेसँगै विभिन्न प्रजातिका माछा पाइने गरेको चुरे गाउँपालिका-३ का स्थानीय टेकबहादुर शाहले बताउनुभयो।

उक्त जलाधार क्षेत्रमा वर्षायाममा माछाका २७ प्रजाति र १६ जल वनस्पति रहेकामा तीमध्ये शेर, जेब्रा, बुचे असला, सोल, चुच्चे र राजावाम रैथाने प्रजातिका माछा पाइने गरेको शाहको भनाइ छ। उहाँले ठूलीगाड जलाधार क्षेत्रमा असारदेखि कात्तिकसम्म माछा पाइने गरेको बताउनुभयो ।नदीमा पानीको सतह घट्दै जान थालेपछि भने माछाका प्रजाति पनि घट्दै जाने गरेको स्थानीयको भनाइ छ । चुरे क्षेत्रमा जथाभावी रुपमा खनिएका सडकबाट ढुङ्गा, माटो, गेग्रान बगेर ठूलीगाड जलाधार क्षेत्रमा थुपारिएर नदीको गहिराइमा कमी हुँदा हिउँदमा माछाका प्रजाति घट्दै गएको चुरे-१ का स्थानीय हुकुमबहादुर बोहराले बताउनुभयो।

वर्षात्का बेला पानीको सतह बढेपछि मात्र सो क्षेत्रमा माछा पाइने गरेको उहाँले बताउनुभयो। ठूलीगाड जलाधार क्षेत्र तथा अन्य सहायक खोलामा बम विष्फोटनका साथै विषादी र करेन्ट प्रयोगगरी माछा मार्ने गरेकाले रैथाने माछाका प्रजाति लोप हुन थालेको उहाँको भनाइ छ ।जलीय जैविक विविधता संरक्षण गर्न पाँच वर्षअघि कैलालीका दुई र डोटीका दुई स्थानीय तहले ठूलीगाड जलाधार क्षेत्रमा जथाभावी रूपमा माछा मार्न प्रतिबन्ध लगाएका थिए । कैलालीको चुरे र मोहन्याल तथा डोटीको जोरायल र बडीकेदार गाउँपालिकाले जलचर संरक्षण ऐन कार्यान्वयनमा ल्याएर हिउँदमा माछा मार्न प्रतिबन्ध लगाएको चुरेका अध्यक्ष चक्रबहादुर बोगटीले बताउनुभयो ।

ठूलीगाड जलाधार क्षेत्रमा जलचर संरक्षण ऐन कार्यान्वयनमा ल्याउन सके जलीय जैविक विविधता संरक्षणसँगै माछाका प्रजाति जोगाउन सकिने उहाँको भनाइ छ । डोटी र कैलाली जिल्लालाई छुट्याउने उक्त जलाधारको जलनिकास घनत्व नौ सय ३५ मिटर क्युविक किमी र जलाधारको क्षेत्रफल आठ सय ५० क्युविक किमी रहेको बताइन्छ ।रासस

# नेपाली कागज उद्योग पुनःसञ्चालन

गलेश्वर । म्याग्दीको मालिका गाउँपालिका-३ अधिबारामा पाँच महिनादेखि बन्द अवस्थामा रहेको मालिका कागज उद्योग पुनःसञ्चालन भएको छ । कच्चापदार्थ र कामदारको अभाव, विद्युत् आपूर्तिमा अनियमितताले बन्द रहेको सो उद्योग पुनः सञ्चालन भएको हो ।

गत शनिबारदेखि उक्त उद्योगले पुनःव्यावसायिक उत्पादन सुरू गरेको छ । उद्योगका सञ्चालक मोतीराज गौतमका अनुसार स्थानीय हाते प्रविधिबाट उत्पादन गरिने कागज उद्योगमा उच्च गुणस्तरको कागज उत्पादनको माग बढेसँगै पुनःनेपाली कागज उत्पादन सुरू गरेको बताउनुभयो ।

"यहाँ उत्पादित कागजलाई बजारको समस्या छैन, कच्चापदार्थ र कामदारको समस्याले नियमित सञ्चालनमा समस्या छ", सञ्चालक गौतमले भन्नुभयो । कागजको बजारमा अत्यधिक माग हुँदा पनि मागअनुसारको उत्पादन गर्न नसकिरहेको बताउँदै अब नियमित उत्पादन र मागअनुसार पूर्ति गर्ने योजना रहेको सञ्चालक




गौतमले जानकारी दिनुभयो ।उद्योगमा विभिन्न आकारका कागजको माग हुने गरेकामा सरकारी तथा गैरसकारी कार्यालय कागज, तमसुक कागज, १८-२० ग्रामको कागज, धूप निर्माण गर्नेछ-सात ग्रामको कागज, चिना निर्माणका लागि ४० ग्रामको कागजसहित विभिन्न प्रयोजनका लागि बिक्री हुने गरेको छ।

उद्योगमा चुनौती धेरै रहेको अवस्थामा कच्चापदार्थ लोक्ता अभाव, विद्युत्को अनियमितता, उपकरण फ्रेम मर्मतसम्भार, विद्युत्बाट लोक्ता (कागज बनाउन प्रयोग गरिने कच्चापदार्थ) पकाउँदा हिटरको रड बढी जल्नेजस्ता समस्याले उद्योगको क्षमताअनुसार कागज उत्पादन गर्न नसकिएको उद्योगका सञ्चालक गौतमको भनाइ छ ।स्थानीय तह र सम्बन्धित निकायबाट सहयोग हुने, उद्योगमैत्री वातावरण मिल्ने र डिभिजन वन कार्यालयले कागज बनाउन प्रयोग गरिने कच्चापदार्थ लोक्ताको सङ्कलन गर्न सरल नीति बनाएमा म्याग्दीका अन्य स्थानमा पनि कागज उद्योग सञ्चालन गर्न सकिने जनाइएको छ।

म्याग्दीको माथिल्लो पहाडी भेगमा पर्ने लेकाली सरकारी तथा सामुदायिक वनमा प्रशस्त बिरुवा (लोक्ता)का बोट छन् । लोक्ता (पुवा) पाइने स्थानमा पनि निकाल्ने कामदारको अभावले वनजङ्गलमै खेर गएको छ । विसं २०७५ मा स्थापना भएको उद्योगले बेनी, बागलुङ, पोखरा, काठमाडौँ, चितवनलगायत सहरमा बिक्री गर्ने गरिन्छ। जिल्लाको अन्नपूर्ण गाउँपालिकाको नागी, धवलागिरिको लमसुङ, रघुगङ्गाको पाखापानीमा रहेका नेपाली कागज उद्योग अहिले बन्द अवस्थामा छन् ।रासस

# काजकिस्तानकी स्पाइकर मधेश युनाइटेडबाट खेल्ने



**टुडे समाचारदाता**

काठमाण्डु । काजकिस्तानकी भलिबल खेलाडी कालिनोभा यभजेनियाले एभरेष्ट वुमन्स भलिबल लिगमा मधेश युनाइटेडबाट खेल्ने छिन् ।

मधेश युनाइटेडले मंगलबार आफ्नो पहिलो विदेशी खेलाडीको रुपमा स्पाइकर कालिनोभालाई घोषणा गरेको छ ।

क्लबले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'काजकिस्तानकी अनुभवी खेलाडी कालिनोभा यभजिनियाले पहिलो संस्करणको एभरेष्ट वुमन्स भलिबल लिग मधेश युनाइटेडबाट खेल्नेछिन् । उनलाई मधेश युनाइटेड टिममा अनुबन्ध गर्न पाउँदा हामी एकदमै खुशी छौँ ।'

१८० सेन्टिमिटर अग्ली र ३५ वर्षीया कालिनोभाले काजकिस्तानको राष्ट्रिय टिमका साथै त्यहाँको घरेलु लिग खेलेको अनुभव रहेको छ ।

कालिनोभाले मधेश युनाइटेडबाट खेल्न उत्साहित रहेको बताएकी छन् । उनले भनिन्, 'मधेश प्रदेशबाट पहिलो संस्करणको एभरेष्ट वुमन्स भलिबल लिग खेल्न म नेपाल आउँदैछु । हाम्रो टिमलाई समर्थन गर्नुहोला ।'

मधेश युनाइटेडकी अपरेसन हेड संज्ञा श्रेष्ठले कालिनोभालाई मधेश टिममा स्वागत गर्दै उनको अनुभवले टिमको लागि धेरै फाइदा पुग्ने उनले बताइन् ।

मधेश युनाइटेडको मार्की प्लेअरमा नेपाली राष्ट्रिय टिमकी स्पाइकर निरुता ठगुन्ना छिन् । खेलाडीहरुमा राष्ट्रिय टिमकी सदस्य संगम महतो र शान्तिकला तामाङ तथा यु-२० टिमकी एलिशा मानन्धर र आशिका क्षेत्री रहेका छन् ।

त्यस्तै हिरा केसी, पूजा थारु र जसना महतो पनि मधेश युनाइटेडको टिममा छन् ।

इन्फिनिटी ड्रिम्सको आयोजनामा हुने भलिबलको पहिलो फ्रेन्चाइज लिगमा टिमले कुल १२ खेलाडीमध्ये ३ जना विदेशी राख्न पाउनेछ । ६ टोली सहभागी हुने लिगको मिति भने घोषणा गरिएको छैन ।

# किसानबाट रकम असुली गर्दै कर्मचारीदेखि जनप्रतिनिधिसम्म

**टुडे समाचारदाता**

लहान । सिराहाको धनगढीमाई नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिकै मिलेमतोमा खानेपानी तथा सिँचाइ बोरिङ जडानका लागि उपभोक्ताबाट रकम असुली गरिरहेको आरोप लागेको छ ।

जिल्लाको धनगढीमाई नगरपालिका ११ का वडा अध्यक्ष अशोक श्रेष्ठले प्रति बोरिङ ३० देखि ४० हजारसम्म रुपैयाँ उठाएको उपभोक्ताहरूले आरोप लगाएका छन् ।



धनगढीमाई ११ की उपभोक्ता उषा महतो, समिता मगरसहितका ६ घर परिवारले ७ हजारको दरले रकम उठाएर वडा अध्यक्ष अशोक श्रेष्ठको निर्देशनमा स्थानीय पवन महतोलाई ४० हजार रुपैयाँ बुझाएको बताए । 'पैसा जम्मा नगरेसम्म बोरिङ नदिने भनेपछि हामीले ७ हजारका दरले उठाएर ४० हजार पवन भाइ (महतो) लाई दियौँ । त्यसमध्ये १० हजार फिर्ता दिने भनेको छ। तर अझै फिर्ता भएको छैन ।' उपभोक्ता उषा महतोले भनिन् ।

सोही वडाका सिंहेश्वर ठाकुर र धुर्निदेवी महतोबाट पनि ३०/३० हजार रुपैयाँ उठाएको दाबी गरे । वडा अध्यक्ष श्रेष्ठले पैसा नबुझाएसम्म बोरिङ नदिने भनेपछि बाध्य भएर रकम बुझाएको ठाकुरले बताए ।

सो वडामा मात्र नभइ वडा नम्बर ८ का उपभोक्ता उपेन्द्र महतोबाट पनि रकम असुल भएको पाइएको छ । रकम असुलीका लागि समिति निर्माण पनि अपादर्शी ढंगले गठन भएको स्थानीयहरूले बताएका छन् ।

सबैभन्दा बढी बोरिङ जडान लक्ष्मी यादव नेतृत्वको समितिले गरेको जनाइएको छ । समितिका अध्यक्ष यादव वडा कार्यालयका कर्मचारी भएको खुलेको छ । अनियमितता गर्न सजिलो पार्नकै लागि नियम मिचेर कर्मचारीलाई अध्यक्ष बनाएको स्थानीय बताउँछन् ।

योजनाको सचिवमा सूर्यनारायण महतोको नाम छ। तर, उनले आफू उपभोक्ता समितिमा रहेको जानकारी नै नभएको बताए । तपाईँ बोरिङ र मोटर जडान उपभोक्ता समितिको सचिव हो? भनी सोध्दा उनले आफू कुनै समितिमा बसेको जानकारी नभएको बताए। उनले भने, 'म समितिमा बसेको जानकारी छैन, बुझेर थप कुरा भन्छु ।'

सो सम्बन्धमा बुझ्न ११ नम्बर वडा अध्यक्ष श्रेष्ठले आफूले कुनै रकम नलिएको दाबी गरे। उनले भने, 'मैले पछि काम लाग्छ भनेर उठाउन भनेको थिएँ, तर त्यो पैसा मैले लिइनँ । अरू के भयो थाहा भएन ।'

पवन महतोले भने आफू यस प्रक्रियामा कतै नजोडिएको सुरु जिकिर गरे ।

तर पछि उनले पाइप लाइन गर्न र पछि धाराहरू जडान गर्नका लागि भनेर पैसा उठाएको स्विकार्दै सो रकम सुरक्षित रहेको बताए ।

पैसा उठाएको विषयमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार दाससँग आफूकहाँ पनि यस्तो कुरा आएको बताए ।

प्रमुख दासले समयमा काम सम्पन्न नभएकोले यो योजनाहरूको भुक्तानी समेत नभएको बताए ।

# शिक्षकको माग गर्दै मधेशमा शैक्षिक हडताल गर्ने प्रभु साहको चेतावनी




**टुडे समाचारदाता**

गौर । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले सरकारले मधेशमा विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था नगरे सम्पूर्ण विद्यालयहरू बन्द गर्ने चेतावनी दिएका छन् ।

रौतहटको गुजरा नगरपालिकाको खतवहियामा मंगलबार आजपाद्वारा आयोजित कार्यक्रममा बोल्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले यस्तो चेतावनी दिएका छन् । मधेशमा विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था गर्न सरकार गम्भीर नभएको अध्यक्ष साहले बताए ।

अध्यक्ष साहले भने, 'मधेशको विद्यालयमा विद्यार्थीको चाप बढी छ । तर विद्यार्थीको अनुपातमा यहाँ शिक्षकको व्यवस्था सरकारले गरेको छैन । विद्यार्थीको अनुपातमा यहाँ विषयगत र तहगत शिक्षकको व्यवस्था गराउन हामीले पटक पटक सरकारको ध्यानाकर्षण गरायौं तर सरकार गम्भीर छैन ।'

आजपा अध्यक्ष साहले अघि थप्दैं भने, 'सरकारले यथासिघ्र विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था नगरे बाध्य भएर हामी सबै विद्यालय बन्द गरेर आम शैक्षिक हडतालमा उत्रिन्छौं ।'

# बाढीले पुल बगाउँदा जीवन कष्टकर



**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीको गौशाला नगरपालिका-१२ कृषि सडकस्थित जरलाही खोलाको पुल बाढीले बगाएपछि स्थानीयवासीको जनजीवन कष्टकर बनेको छ ।

पुल बगाउँदा दैनिक आवागमनदेखि स्थानीयस्तरमा उत्पादित हरिया तरकारीको कारोबारसमेत प्रभावित भएको छ । जंगली क्षेत्रको गस्ती र निगरानीमासमेत असर पारेको वनकर्मीले जनाएको छ ।

लोकमार्गको शिवचोकबाट कान्तिबजार हुँदै भारतीय सीमा जोड्ने करिब २५ किमी लम्बाइको यो सडकको जङ्गली क्षेत्रमा पर्ने पक्की पुल साउन अन्तिम साता आएको बाढीले बगाएको थियो । बाढीले दायाँ बायाँ १० मिटर कालोपत्रे सडक पनि कटान गरेकोले आवागमन ठप्प भएको छ ।

लोकमार्गको दक्षिणी भेगमा रहेका जङ्गलपारिका ११ नं, पडरिया, गहिरीटोल, कालीपुर लगायत गाउँ तरकारीको पाकेट क्षेत्र पनि हो । यी क्षेत्रका करिब २५० विग्हामा परवल, करैला, घिरौंला, सिमी, काउली, भण्टा, लौका, हरिया साग लगायतका मौसमी तरकारी उत्पादन हुन्छ । यी उत्पादनलाई बजारसम्म सहज पहुँचको उद्देश्यले बिस वर्षअघि निर्माण गरिएको यो कृषि सडक स्थानीय जनताको 'लाइफ लाइन' नै हो ।

स्थानीय कृषक दिनेश महतोले बताए अनुसार करिब एक हजार कृषक परिवारले दैनिक ३ हजार किलोबराबर ४ ट्रक हरिया तरकारी उत्पादन गर्दै आएका छन् । यी तरकारी यही सडक हुँदै बर्दिबास, लालबन्दी, सिन्धुली र काठमाण्डुसम्म आपूर्ति हुने गर्छ । पुल बगाएदेखि उत्पादनलाई बजारसम्म पुऱ्याउन करिब ७ किलोमिटर घुमाउरो बाटो जानु पर्दा किसानका लागि झन्झटिलो र खर्चिलो भएको उनले बताए ।

जंगली क्षेत्र हुँदै गएको यो सडक वन कार्यालयको रणनीतिक मार्ग पनि हो । माईस्थानस्थित सागरनाथ वन विकाश परियोजनाको हात्तीलेट वन व्यवस्थापन शाखा प्रमुख विधासागर कर्णले पुलसँगै सडक पनि बगाउँदा स्टिल टावर दक्षिणका १, २, ५ र ९ नं प्लट अन्तर्गतका करिब ४ वर्ग किमी क्षेत्र बराबरको वन क्षेत्रमा नियमित गस्ती प्रभावित भएको छ ।

कर्णले भने 'पुल र सडक कटान भएदेखि पैदल गस्ती पनि कष्टकर र जोखिमपूर्ण भएको छ । वन क्षत्रेमा सहज पहुँच हुन नसकदा नियमित रेखदेखि र अनुगमनमा पनि समस्या आएको छ ।'

पुल कटान गरेको क्षेत्र गौशाला वडा नं १२ का वडाध्यक्ष कुशेश्वर सिंहले पुल बगाएदेखि यहाँको जनजीविका नै प्रभावित भएको बताए । उनले बताए अनुसार पहिलो बाढी थामिए लगत्तै क्षतिग्रस्त खण्डमा नगरपालिकाले अस्थायी मर्मत गरी आवागमन खोलेको थियो ।

उनले भने, 'भोलिपल्टै आएको बाढीले त्यो पनि बगाएर लगेपछि अव के गर्ने ? असमञ्जसमा छौ ।' स्थितिभन्दा काबुभन्दा बाहिर गएकोले नगरपालिकाले क्षतिग्रस्त पुल र सडक मर्मतका लागि जनकपुरस्थित सडक डिभिजन कार्यालयलाई पत्राचार गरेको वडाध्यक्ष सिंहले बताए ।

# विद्युत् सबस्टेसन सञ्चालनमा आएन

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपुर्वामा डेढ वर्षअघि निर्माण सम्पन्न भएको विद्युत सबस्टेसन अझैसम्म पनि सञ्चालनमा आउन सकेको छैन ।

नेपाल विद्युत प्राधिकरणले सर्लाहीको दक्षिणपूर्वी भेगमा विद्युत आपूर्ति सहज बनाउने उद्देश्यले हरिपुर्वा नगरपालिका-२ मा निर्माण गरिएको सबस्टेसन अझैसम्म पनि सञ्चालनमा नआउँदा अलपत्र अवस्थामा छ। सबस्टेसन सञ्चालनका लागि बारम्बार ताकेता समेत स्थानीयवासीले गर्दै आएको छ।



हरिपुर्वा बजार क्षेत्रमा करिब दुई दर्जन जति पोल गाड्ने विषयमा विवाद हुँदा निर्माण भइसकेको सबस्टेसन चालु हुन सकेको छैन। विद्युत प्राधिकरणले प्रादेशिक कार्यालय जनकपुरबाट टोली परिचालन गरी पोल गाड्ने काम गरे पनि अहिले ईश्वरपुर नगरपालिकाको वडा नं. १३, श्रीनगर महारानी बजार क्षेत्रमा पोल गाड्ने विषयमै विवाद चर्किएको छ ।

त्यस्तै बाँके चोक हुँदै महारानी बजारतर्फ लान लागिएको ३३ केभी प्रसारण लाइनको चार वटा मात्रै पोल गाड्ने विषयमा विवाद हुँदा सबस्टेसन सञ्चालन गर्न नसकिएको नेपाल विद्युत प्राधिकरण मधेश प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मुनिन्द्र ठाकुरले जानकारी दिए । उनले भने, "हरिपुर्वाको समस्या समाधान भइसकेको छ। त्यहाँ अब पहिले नै गाढेर ढलेका पोल उठाउन मात्रै बाँकी छ। महारानी बजारमा मात्रै समस्या छ। त्यो समस्या पनि समाधान गर्न पहल गर्दै छौँ ।"

उनले सर्लाही र महोत्तरी जिल्लाबिच सीमा विवादका कारण पोल गाड्ने विषयमा अप्ठ्यारो परेको बताए । हरिपुर्वामा निर्माण सम्पन्न भइसकेको सबस्टेसन अलपत्र परिरहँदा दक्षिणपूर्वी बेल्टका स्थानीय चर्को गर्मीमा छिनछिनमै बत्ती कटिरहने, बत्ती आउँदा पनि भोल्टेज नआउने जस्ता समस्याले हैरान छन् ।

हरिपुर्वाको यो सबस्टेसन सञ्चालनमा आए हरिपुर्वा नगरपालिका, चन्द्रनगर गाउँपालिका, पर्सा गाउँपालिका, ब्रह्मपुरी गाउँपालिकालगायत सर्लाहीको पूर्वी भेगमा विद्युत् आपूर्ति सहज बन्ने र स्थानीयले अहिले जस्तो अनियमित विद्युत कटौती र भोल्टेजको समस्या भोग्नु नपर्ने प्राविधिकले बताएका छन् । त्यस भेगमा अहिले सदरमुकाम मलङ्गवास्थित सबस्टेसनबाट लामो प्रसारण लाइन हुँदै बत्ती ल्याउनु पर्दा समस्या भइरहेको छ ।

हरिपुर्वा नगरपालिकाका प्रमुख विनोदकुमार साह तेलीले हरिपुर्वा क्षेत्रका स्थानीयले मौसममा सामान्य बदली हुँदा पनि दुई दिनसम्म बत्ती नआउने र बत्ती आइरहँदा न्यून भोल्टेज आउने समस्या झेलिरहेको दुःखेसो पोखे ।

नापी अनुसार पोल गाड्न खोज्दा राजनीति भएपछि प्राधिकरणले पछि प्रादेशिक कार्यालयबाटै टोली परिचालन गरेर पोल गाड्ने काम गरेको छ ।

# अखिल क्रान्तिकारीमा विवाद

**टुडे समाचारदाता**

मलंगवा । नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीमा जिल्ला सम्मेलनलाई लिएर सर्लाहीमा विवाद उत्पन्न भएको छ ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन क्रान्तिकारीको एक समूहले नवलपुरमा भएको १८ औं जिल्ला सम्मेलनको नेतृत्वको घोषणा गरेको छ । भने अखिल क्रान्तिकारीका अन्य नेताहरु तथा हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकी (कमल) समेतको उपस्थितिमा एउटा गुटले नवलपुरमा जिल्ला सम्मेलन सम्पन्न गरेको आरोप लगाएका छन् ।




उनीहरुले सो जिल्ला सम्मेलन आधिकारिक नभएको दाबी गरेका छन् ।

अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष रंजित सहनीले प्रेस विज्ञप्ती जारी गर्दै कुनै पनि किसिमको जिल्ला सम्मेलन नभएको र कसैले गरेको भए त्यो अवैध हुने उल्लेख गरेका थिए ।

अध्यक्ष सहनीले सर्लाही जिल्ला सम्मेलन भदौं १० गतेका लागि तोकिएको उल्लेख गरेका छन् । उनले सो जिल्ला सम्मेलनलाई अवैध भएको बताए ।

अखिल क्रान्तिकारीको समूहले बरहथवामा नेता अच्यूतम काफ्लेको प्रमुख आतिथ्यतामा बरहथवा नगर स्तरीय भेलासमेत सम्पन्न गरेको छ ।

# स्वास्थ वीमा रकमका लागि आनाकानी गर्दै एनआईसी एशिया

**टुडे समाचारदाता**

राजविराज । राजविराज स्थित एनआईसी एशिया बैंकले स्वास्थ्य वीमा वापत पाउनु पर्ने रकम नदिएको एक वचतकर्ताले गुनासो गरेका छन् । विभिन्न लोभ लाग्दो योजना ल्याएर ग्राहक संख्या बढाएको सो बैंकले १ वर्ष वित्न लाग्दा पनि प्रतिबद्धता अनुसारको रकम भुक्तानी गर्न आलटाल गरिरहेको राजविराज ७ निवासी ४४ वर्षिय रमाकान्त साहले गुनासो गरेका छन् ।



उनले बचत योजनाको स्वास्थ्य विमा कार्यक्रम अर्न्तगत आफुले पाउनु पर्ने स्वास्थ्य उपचार खर्च रकम दिन बैङ्कले विभिन्न बहाना देखाई आलटाल गरीरहेको गुनासो पोखे ।

१२ महिना अघि उनका पत्नी रागीनी कुमारी साहले सो बैंकको राजविराज शाखामा १ लाख रुपैयाँ जम्मा गरी स्वास्थ्य विमा सुविधा लाभ पाउने गरी डायमण्ड बचत खाता खोलेका थिए । उक्त बचत खाता योजना अन्तर्गत खाताधारी सहित उनका परिवारका ४ जना सदस्य मध्ये कोही विरामी पर्दा उपचार खर्च दावी गर्न सकिने व्यवस्था र सुविधा रहेको जनाइएको थियो ।

संयोगले १२ महिना अघि रागिनीका पति रमाकान्त विरामी परे । उनको गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार गरिएको थियो । उनी अहिले महिनै पिच्छे स्वास्थ्य परिक्षणका लागी अस्पताल पुग्ने गरेका छन । तर बैंकबाट हाल सम्म एक सुको पनि नपाएको उनको गुनासो छ ।

साहले उपचारका क्रममा भएको खर्च ९ हजार ३ सय ६७ रुपैयाँको विल सहित आवश्यक सम्पुर्ण कागजात बुझाई सकेका छन । तर बैङ्कले प्रक्रिया मै रहेको त कहिले फाईल पत्ता लगाएर भन्छु भन्दै फर्काउने गरेको साह परिवारको गुनासो छ । पहुँच र भनसुनका आधारमा एकाधले उक्त बचत योजनाको लाभ पाएपनि धेरै जसो बचतकर्ता पटयारलाग्दो पर्खाइमा रहेको बुझिएको छ ।

यता बैंकका शाखा प्रबन्धक इश्वर यादवले डायमण्ड बचत योजना अन्तर्गत साहले पाउनु पर्ने उपचार खर्च हाल सम्म किन पाउन सकेन भन्ने बारे केन्द्रसंग बुझ्ने काम भइरहेको बताएका छन् ।

विद्यालयमा रमितेः

# कक्षा कोठामै शिक्षकको सुताई, विद्यार्थी खेल्दै

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा एक विद्यालयमा रमिते हुने गरेको पाइएको छ। कक्षा कोठामै शिक्षक मस्तराम निन्द्रामा हुँदा विद्यार्थी भने खेल्ने गरेको पाइएको छ ।

बालबालिकालाई खेल्न पठाइ उनीहरुकै कक्षाकोठामा सुतिरहेको अवस्थामा सप्तरीका एक विद्यालयका शिक्षकदेखि कार्यालय सहयोगीसम्म सुत्ने गरेको पाइएको छ ।



जिल्लाको विष्णपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवको नेतृत्वमा मंगलबार बिहान ११:३० बजेतिर वडा १ स्थित जनता आधारभूत विद्यालय सिम्राहा सिग्यौनमा अनुगमनमा पुग्दा शिक्षक लालबहादुर यादव र कार्यालय सहयोगी रघुनाथ यादव निदाएको अवस्थामा भेटिएका हुन् ।

उक्त कक्षाकोठामा विद्यार्थीहरुकै पुस्तकलाई सिरानी हालेर ती शिक्षक र कार्यालय सहयोगी मस्त सुतिरहेको अवस्थामा भेटिएको गाउँपालिका अध्यक्ष यादवले बताए ।

शिक्षा संयोजक रामेन्द्र यादव, वडाअध्यक्ष बलराम यादव सहित पुगेको टोलीले उनीहरुलाई यस्तो अवस्थामा देखेपछि उठाएर सचेत गराउँदै बुधवार लिखित स्पष्टीकरण सोध्ने तयारी भइरहेको अध्यक्ष यादवले जानकारी दिए । अनुगमनमा जादा अन्य कक्षामा पढाई भइरहेपनि सो कक्षामा पढने बालबालिका भने बाहिर खेली रहेको र भित्र शिक्षक र कार्यालय सहयोगी यसरी सुतिरहेको पाइएको बताउँदै अध्यक्ष यादवले पालिका भित्रका सम्पूर्ण विद्यालयमा शैक्षिक स्तर सुधारका लागि अनुगमन थालिएको र यसलाई निरन्तरता दिइने जनाएका छन् ।

सैनिक आवासीय महाविद्यालय
बर्दिबास, महोत्तरी
शिक्षक आवश्यकता
यस महाविद्यालयमा पूर्णकालिन र आंशिक शिक्षक आवश्यक परेको हुनाले ईच्छुक योग्य व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ ।
जी.टी. (विज्ञान) पूर्णकालिन - १ जना
संगीत शिक्षक (आंशिक) - १ जना
दरखास्त वुझाउने अन्तिम मिति र समयः-
२०८१ भाद्र १६ गते आइतबार दिउँसो ४
विस्तृत जानकारीको लागि यस महाविद्यालयको Facebook Page अथवा वेवसाइट www.sambm.edu.np मा हेर्नुहोला ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८